# गुरुङ बुद्धिजम

## भाग ५– ऐतिहासिक पृष्टभूमिः

### गुरुङको श्रुतिवेद (पोङ्ब) प्यताँ ल्हुताँको आधारमा आधारति ऐतिहासिक पृष्ठभूमिः

## १. ऐतिहासिक पृष्टभूमिः

विश्वविख्यात भूगोलशास्त्री डा. हर्क गुरुङले इतिहास भनेको जितारुहरुको कथा र हरुवाहरुको व्यथा हो भन्नु भएको छ। यसैगरी, चर्चित उपन्यासकार पारिजातले पनि इतिहासमा तिथि मिति र पात्रहरु सबै सत्य हुन्छन् । तर घटनाक्रमहरु भने सबै सत्य नै हुन्छन् भन्न सकिदैन भन्नु भएको छ। यसै सन्दर्भमा गुरुङको इतिहासलाई कोट्याउँदै जाँदा, तिथि मितिको आभाव भएको हुँदा, इतिहासलाई ऐतिहासिक पृष्टभूमिको रुपमा संक्षिप्त बर्णन गर्ने प्रयास गरिएको छ ।

मानव जातिको बसाइँ सराइँलाई सरसर्ति हेर्दा तिब्बतको ‘कुकोँलिँम्हार’ अर्थात कैलाश पर्वतको फेदमा अवस्थित मानसरोवार तालको पश्चिमी भागमा अवस्थित तिङयान भन्ने स्थानमा बसोबास गर्ने हुण जातिका एउटा च्यन महापरिवार पश्चिम नेपालको ताक्लकोटको घाँटी पार गरेर सफुँती ख्व्याल्स आई बसेका थिए । च्यनहरुको

संस्कृति, संस्कार र धर्म 'पोङ्ब'मा आधारित थियो । पोङ्ब भनेको मौखिक रुपमा श्रवण गर्ने परम्परा हो ।

तिब्बतका राजा श्रोङचोन गम्पोले नेपालका लिच्छवि राजा अंशुवर्माको छोरी राजकुमारी भृकुटीलाई बिबाह गरे । उनले दाइजोमा स्वर्ण बुद्धको प्रतिमा लिएर गएकी थिइन । यो दाइजोबाट तिब्बतको राजदरबारमा बुद्ध धर्म प्रवेश भएको कुराको बलियो आधार दिन्छ । अर्थात तिब्बतमा बुद्ध धर्मको जग भृकुटीद्धारा बसालिएको हुनाले इतिहासमा उनी 'हरिततारा'को नामबाट प्रख्यात छिन् । तिब्बतियन लामावादमा 'हरिततारा'को पूजा लक्ष्मीको रुपमा अत्यन्तै सम्मानसाथ गरिन्छ ।

अब कुरा के आउछ भने, तिब्बतमा बुद्ध धर्मको बिउ भृकुटीले लिएर गएकी हुन् । तर, त्यो समय भन्दा पहिले पनि गुरुङका पुर्खाहरु च्यन परिवारको रुपमा अस्तित्वमा थिए । उनीहरु बौद्धमार्गी थिए वा थिएन भन्ने कुरा पनि गुरुङ बुद्धिजमको सवालमा स्पष्ट हुन आवश्यक भएकाले यो प्रशंग उठाइएको हो ।

आजभोलिका पश्चिमी मूलका बौद्धमार्गीहरुले शाक्यमुनिलाई मात्र बुद्ध भन्दोरहेछन् । यो कुरा पनि सही हो कि बुद्धदर्शन उनले प्रतिपादन गरेका हुन् । तर, बुद्ध वंशको क्रममा हेर्ने हो भने, उनी त २८औं बुद्ध हुन् । यसबाट के सिद्ध हुन्छ भने, शाक्यमुनि बुद्ध भन्दा पहिले पनि २७ जना बुद्धहरु थिए । प्रत्येक कल्पमा एक एक जना बुद्धहरु अवतारित भएका छन् । एक कल्पको आयु लगभग

एकसय वर्ष मानिएको हुन्छ । यस् हिसावले गणना गर्दा, बौद्धमार्गीहरुको इतिहास २, ७०० वर्षको आसपास हुन सक्ने अनुमान गर्न सकिन्छ । यसमा गौतम बुद्धको समयलाई थप गर्दा, २,७००+२,६४६ = ५, ३४६ वर्ष हुन आउछ। यस् बारेमा सत्य तथ्य कुरा बुझ्नका लागि बौद्ध बिद्वानहरुले गहन अध्ययन र अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

अहिलेसम्मको मानव सभ्यतालाई केलाएर हेर्दा, सिन्दु (इन्दु) धाँटीको सभ्यता ३३०० इसापूर्व । मोहन जोडदो हडप्पको सभ्यता ३००० इसापूर्व । इजिप्टको सभ्यता ३१०० इसापूर्व । बेबिलोनको सभ्यता १८९४ इसापूर्व यसै गरी द्राबिद सभ्यता, गंगा उपत्यकाको सभ्यता, काठमाडौं उपत्यकाको सभ्यता र ग्रीक सभ्यता आदिलाई तुलना गरी हेर्दा, बौद्ध सभ्यता धेरै पुरानो भएको देखिन्छ । फेरि पनि यसलाई आधिकारिक रुपमै अध्ययन र अनुसन्धान हुन आवश्यक देखिन्छ ।

अहिलेसम्मको अध्ययन र अनुसन्धानबाट प्राप्त बिबरण अनुसार बुद्ध वंशलाई राम्रोसंग केलाएर हेर्दा–

१. आदिबुद्ध तन्हकर बुद्ध ।
२. मेघन्कर बुद्ध ।
३. दिपंकर बुद्ध ।
४. बैरोचन बुद्ध । पञ्चबुद्ध १ (मध्य स्थान)
५. अशोभ्य बुद्ध । पञ्चबुद्ध २ (पूर्व स्थान)
६. अमितभ बुद्ध । पञ्चबुद्ध ३ (पश्चिम स्थान)

७. रत्नसंभव बुद्ध । पञ्चबुद्ध ४ (दक्षिण स्थान)
८. अमोघसिद्धि बुद्ध । पञ्चबुद्ध ५ (उत्तर स्थान)
९. सुमन बुद्ध, नाग राजाको अवतार ।
१०. रेवत बुद्ध, वेद ब्राह्मणको अवतार ।
११. सुभित बुद्ध, रामवतिको अवतार ।
१२. अनोमदस्सि बुद्ध, राजा यक्षको अवतार ।
१३. पद्म बुद्ध, सिँहको अवतार ।
१४. नारद बुद्ध, तपस्विको अवतार ।
१५. सुमेध बुद्ध, उत्तरोको अवतार ।
१६. पियदस्सि बुद्ध, काश्यापको अवतार ।
१७. अतदस्सि बुद्ध, शुसिनको अवतार ।
१८. धम्मदस्सि बुद्ध, इन्द्रको अवतार ।
१९. सिद्धार्थ बुद्ध, मंगलको अवतार ।
२०. तिस्स बुद्ध, राजा सुजातको अवतार ।
२१. फुस्स बुद्ध, विजतको अवतार ।
२२. बिपस्सि बुद्ध, राजा अतुलको अवतार ।
२३. सिखि बुद्ध, अरिन्मोको अवतार ।
२४. भेषाभु बुद्ध, सद्धासनको अवतार ।
२५. ककुसन्ध बुद्ध, राजा खेमको अवतार ।
२६. कोनगमन बुद्ध, राजा पवद्धको अवतार ।
२७. काश्याप बुद्ध, ज्योतिपालको अवतार ।
२८. सिद्धार्थ गौतम बुद्ध, श्वेत केतुको अवतार ।
२९. मैत्रि बुद्ध, मित्रताको रुपमा भविष्यमा आउने । पाली वंशावली अनुसार केही बुद्धहरुको नाम फरक पाइन्छन् ।

यसरी, आदिबुद्ध तन्हकारदेखि भविश्यमा आउने मैत्रिबुद्धसम्मलाई केलाएर हेर्न र बुझ्नु पर्ने हुन्छ। यो क्रम अनुसारको बुद्धलाई बुझ्न सकियो भने बुद्धदर्शनको बारेमा धेरै कुराहरु बुझ्न सजिलो हुन्छ।

तितो सत्यमा भन्नु पर्दा, बद्धदर्शनको पञ्चशीलको भावना अनुसार हिंसा नगर्ने भन्ने मनसाय हो। तर, पञ्च बुद्धको समय भनेको लगभग २४०० वर्ष पुरानो हो। यो समय लगभग शिकारी युगको कुरा हो। त्यस समयमा शिकार गरिएन भने भोकै बस्नु पर्ने अवस्था थियो। मैले यो प्रशंग किन उठाएको भने, पञ्च बुद्धको प्रतिक भनेको (ह्रिङ वा उर्ग्यान) हो। यसलाई लम वा लामाहरुले शिरमा मुकुट सरह धारणा गर्दछन्।

आर्को कुरो पञ्चबुद्धको अन्तिम लक्ष्य भनेको सुखवती हो। त्यहाँ खाना, पिउन, लाउन केही पनि पर्दैन। तातो चिसो पनि केही हुदैन। आगो र पानी पनि हुदैन भन्छन्। शाक्यमुनि गौतम बुद्धले यसैलाई निर्वान भनेको हो। निर्वान भनेको शुन्यता हो। यहाँनिर स्मरण गर्नु पर्ने कुरा के छ भने, आत्मले शरीरको भोग गर्छ। जुनदिन आत्मको निर्देशन अनुसार शरीरले भोग गर्न सक्दैन। त्यही क्षण आत्मले शरीरलाई त्यग्छ। त्यसपछि शरीरले शुन्यताको अवस्था लिन्छ। शुन्यता भनेको प्राणवायु बिहिन हुनु हो। यस् अवस्थामा शरीरले कुनै प्रकारको स्पर्षको अनुभूति गर्न सक्दैन। यही अवस्थालाई मृत्यु भन्दछ। बुद्धदर्शनमा यसलाई निर्वान भन्दछ।

## २. सफुँती ख्व्याल्सको स्थापनाः

तिब्बतको 'कुकौंलिँम्हार' अर्थात् कैलाश पर्वतको पश्चिमी भागमा अवस्थित तिङयान भन्ने स्थानमा बसोबास गर्ने हुण जातिका च्यन महापरिवार छैठौं सताको मध्यतिर पश्चिम नेपालको ताक्लकोटको घाँटी पार गरेर सफुँती ख्व्याल्स आई स्वतन्त्र राज्य स्थापना गरी बसे ।

यो कुकौंलिँम्हार भने शब्द तमू भाषा र माउ भाषाको समास हो । जसमा कु = देउता, कौं = पर्वत, लिँ = समथर र म्हार = पवित्र ताल) भन्ने भावार्थ हुन्छ । तमू भाषामा महादेवलाई 'कौंरुँब' भन्दछ । कौं = डाँडा र रुँब = संरक्षण अर्थात् डाँडामा बसेर सबैको संरक्षण गर्ने कार्य भन्ने भावार्थ हुन्छ । त्यसैले, 'कुकौंलिँम्हार' भन्ने शब्द यस प्रसंगमा तर्कसंगत हुन आउछ ।

त्यस बखत सफुँती ख्व्याल्स हिमालय वारपार सामानबाट सामान साटेर 'बार्टर' व्यवसाय गर्ने ठुलो केन्द्र थियो । पछि कर्णाली प्रदेशका खस राजाहरुले सफुँती ख्व्याल्सलाई सिजपति शहर नामकरण गरी आफ्नो राजधानी बनाएका थिए । सिजपति शहर साविकको जुम्ला जिल्लाको सदरमुकामदेखि उत्तर दिशामा अवस्थित छ ।

सफुँती ख्व्याल्समा बसेका च्यन महापरिवारलाई तिमीहरु कहाँबाट आएको भनेर त्यहाँका मानिसहरुले सोध्दा 'तुइमा' अर्थात माथिबाट आएको भनेर भन्यो । त्यस बखत च्यन महापरिवारले आफुलाई 'तुमै र अरुलाई

मामै' भन्ने गर्दथ्यो । यस प्रसंगलाई हेर्दा तुमैबाट 'तमू' र मामैबाट 'बामै' वा तलका मानिसहरु भन्ने शब्दको बिकास हुन आएको हुन सक्ने बलियो आधार दिनका साथै तर्कसंगत पनि देखिन्छ ।

## ३. राज्य व्यवस्थाः

सफुँती ख्ह्याल्समा च्यन परिवारले स्वतन्त्र राज्य स्थापना गरी राजा ज्याँबरुच्यनदेखि तपुच्यन, म्हिपुच्यन, क्रोनाच्यन, मैनाच्यन र पैमा दर्ग्योच्यन गरी ६ पुस्तासम्म रजाइँ गरे । राजा पैमादर्ग्यो च्यनको नोच्यन र लोच्यन नाम गरेका दुइजना राजकुमारहरु थिए । यसरी राज्य स्थापना गरेपछि राज्य सञ्चालनका लागि आफ्नो योग्यता अनुसारको कार्यभार बाँडफाँड गरी निम्न अनुसार राज्य व्यवस्था गरिएको थियो ।

१. म्रुँ म्रुँस्यो = राजा रानी ।
२. म्रुँख्ले = युवराज ।
३. च्योँख्ले = राजकुमार ।
४. म्रुँधीँ = राजदरबार ।
५. ख्ह्याल्स = राज्य ।
६. स्योँली = मन्त्री ।
७. छ्योँज = सभा ।
८. छ्योँजधीँ = सभाघर ।
९. छ्योँजख्ले = सभामुख ।

१०. छोँजचिब = सभासद् ।
११. ताँख्ले = न्यायाधीश ।
१२. ताँधीँ = न्यायालय ।
१२. चिब = भलादमी ।
१३. पच्यु, ख्लेप्रँ, नम = पुरेत ।
१४. रुधीँ = सामाजिक संस्था ।
१५. चोग = रीतिथिति जान्ने प्राज्ञ ।
१६. स्यार्बो = कटुवाल ।
१७. पैडि = ज्योतिषी ।
१८. म्हिन्कुजु = जनसमूह ।

## ४. नोच्यनको शिकार यात्राः

गुरुङको सामाजिक संस्कार अनुसार चैत्र र असोज महिनामा राजपरिवारले एक हप्ता शिकार खेल्ने परम्परा रहेको थियो । त्यही परम्परा अनुसार राजा पैमादर्ग्यो च्यनले शिकारमा जाने तयारी गऱ्यो । तयारी भैसकेपछि अन्तिम समयमा राजा पैमादर्ग्यो च्यन अस्वस्थ्य भएकाले युवराज नोच्यन मात्र आफ्नो दलबल लिएर सफुँती ख्व्याल्सबाट पूर्व दिशा हुँदै शिकार खेल्दै गयो । रात परेपछि एउटा राम्रो बन्दोवस्त भएको ओडारमा बास बस्यो । अचानक राति ऋतु बिपरीतको मौसम भएर भीषण हिमपात भयो । उक्त हिमपातले नोच्यनको सिकारी दलबल सबै बगाएर लग्यो । तर नोच्यनको भाग्य बलियो

भएको हुनाले पहिरोबाट भाग्न सफल भयो । राती भाग्दा भाग्दा जौ बारीमा पुग्यो । जौबारी देखेपछि अब त, गाउँ पनि नजिकै आइपुगेछ भन्ठानेर बाटो माथिको जौ बारीमा गएर अराम गर्दा त्यही भुसुक्कै निदाए ।

## ५. ठिनी राज्य (ख्व्याल्स):

साविकको मुस्ताङ जिल्लाको ठिनी गाउँमा माउरो जातिहरुको बिशाल ठिनी राज्य (ख्व्याल्स) थियो । त्यहाँ खादो भन्ने राजाले शासन गर्दथे । असोज महिनाको शुक्लापक्षको अष्टमीको राति खदो राजा र कुसु भन्ने रानीको हत्या भयो । राजा रानीको हत्या भएपछि दरबार खाली भयो ।

राजदरबार खाली राख्न हुँदैन भन्ने मान्यता रहेकोले मन्त्री ननख्व्लाँलाई राजा बनाइ गद्दी चढायो । गद्दी चढाएको एक महिना भित्र शुक्लपक्षको अष्टमीको रातमा नयाँ राजाको पनि हत्या भयो । यसरी ठिनी राज्यमा राजा र रानीको हत्या भएपछि हाहाकार मच्चियो । शान्ति सुरक्षा कमजोर भएकोले जनताहरु आतंकित भए । दुबै राजा र रानीको एकै तरिकाले हत्या भएको देखेर असैं भन्ने सेनापतिको तजबिजमा एउटा आयोग गठन गरेर हत्याको बारेमा अनुसन्धान कार्य गऱ्यो ।

## ६. नमको भविष्य वाणी:

त्यस समय ठिनी राज्यमा त्रिकालदर्शी कर्मअप नमगुरु नौ वर्ष, नौ महिना र नौ दिनसम्म गुफा बसेका थिए । नम गुफाबाट निस्कने दिनमा अनुसन्धानमा खटेको टोली गुफामा पुगेर नमलाई ढोगभेट गरी राज्यमा तत्काल भइरहेका घटना र आतंकको बारेमा अवगत गराए ।

नमगुरुले समय चक्रको अध्ययन गरेर, यी राजा र रानीहरु हेरि हेरिनसक्ने, बुभ्कि बुभ्किनसक्ने अजंगको ‘अजिमो फजिमो’ भन्ने मायवी वीर मसानले मारेको हो । यो वीर मसान आफै आएका होइन । कुनै गुरुले साधना गरेर पठाएको हो । त्यसैले, यो वीर मसानलाई तीन आँखा भएको महाप्रतापी राजाले मात्र दमन गर्न सक्दछ । नम र ख्लेप्रैंको वेदले सक्दैन भनेर भविष्यवाणी गरे । नमगुरुको भविष्यवाणी सुनेर त्यहाँ गएका भलाद्मीहरु सबै अचम्म मान्दै राज्यमा फर्किए ।

## ७. ठिनी राज्यमा राजसभा:

ठिनी राज्यमा राजसभा बस्यो । राजा नभएको हुनाले ढग भन्ने जेठो राजसभासद्को अध्यक्षतामा राजसभा बस्यो । अनुसन्धानको टोली प्रमुखलाई राजा र रानीको हत्याको बारेमा के कति प्रगति भयो भनेर सभाध्यक्षले सोधेपछि सेनापति अर्सैले यी राजा र रानीहरु हेरि हेरिनसक्ने, बुभ्कि बुभ्किनसक्ने अजंगको ‘अजिमो फजिमो’

भन्ने वीर मसानले मारेको हो । यो वीर मसान आफै आएका होइनन् । कुनै गुरुले साधना गरेर पठाएको हो । त्यसैले, यो वीर मसानलाई तीन आँखा भएको महाप्रतापी राजाले मात्र दमन गर्न सक्दछ । नम र ख्लेप्रैंको वेदले सक्दैन भनेर त्रिकालदर्शी कर्मअप नमगुरुको भविष्यवाणी हुबहु दोहोऱ्याए । भविष्यवाणी सुनेपछि सबै अचम्म भए । कुनै कुराको निर्णय हुन सकेन । राजसभा त्यसै उठ्यो ।

## ८. ठिनी राज्यको संस्कार:

ठिनी राज्यको संस्कार अनुसार ६, ६ महिनमा उभौली र उद्यौली 'ठ्होत्हैं' अर्थात सामाजिक पूजा गर्दा राजा र रानीको उपस्थिति हुन अनिवार्य थियो । किनभने 'ठ्होत्हैं' समापन भएपछि राजाले उपस्थित जनसमूहलाई सम्वोधन गर्दै अशिमलँ दिने परम्परा रहेको थियो । आज, भोलि र पर्सि गर्दै फेरी 'ठ्होत्हैं' गर्ने समय आइ पुग्यो । राजा र रानीको चयन गर्न राजसभा बस्यो । तर राजसभाका सदस्यहरु कोही पनि राजा हुन चाहेनन् । किनभने राजा हुने बित्तिकै एक महिना भित्र उनको मृत्यु निश्चित थियो । त्यसैले, सोझो, सादा र निमुखालाई फकाई फुलाई राजा रानी चयन गरी, राजगद्दी चढाइ 'ठ्होत्हैं' गरिन्थ्यो । शुक्लपक्षको अष्टमीको राती राजा रानीको हत्या हुन्थ्यो । यसरी राजा रानी सबैको एकै किसिमले हत्या हुदै रह्यो । त्यसकारण, राज्य पूर्णरुपमा भयभीत एवं आतंकित थियो

। राज्यको शासन व्यवस्था लथालिंग भएर हाहाकार मच्चियो । महामारी फैलिएकोले धेरै मानिसहरुको अकालमै मृत्यु भयो । कतिले राज्य छाडेर बसाइँ सराइ गरे । कुनै कुराको पनि लेखाजोखा थिएन ।

## ९. नोच्यनको परिचयः

एक दिन बिहान सबेरै ठिनी राज्यका गोठालाहरु भेडा बाख्रा चराउँन निस्किए । चराउँदै जाँदा बाटो माथिको जौ बारीमा पुगे । जौ बारीमा भूत जस्तो अजंगको मानिस सुतिरहेको देखे । लौ, राज्यमा आतंकित गर्ने भूत त यही पो सुतिरहेछ भन्ठानेर गोठालोहरु चिच्याउँदै गाउँमा पुगेर जौ बारीको घट्नाको बारेमा जानकारी गराए । गाउँको भलाद्मीहरुले सबै मानिसलाई भेला गराइ भाला, त्रिशूल, धनुष काँड, हाँसी, हथौडा, लाठी मुङ्ग्रादि लिएर जौ बारीमा पुगे । जनसमूहलाई सुरक्षित स्थानमा बस्न लगाएर जेठो सभासदले पाँचजना बलिया ठिटाहरुलाई लाठी मुङ्ग्रा लिन लगाएर त्यो मान्छे भएको ठाउँमा गए । उ अझै त्यही सुतिरहेको थियो ।

ए, तिमी को हौं ? भूत हो कि मान्छे ? ढगले सोध्यो । ढगको ठुलो आवाज सुनेपछि त्यो मान्छे पनि निन्द्रबाट उठ्यो र तपाइँहरु को हो ? प्रतिप्रश्न गर्‍यो । तिमी को हो ? ढगले दोस्रो पटक सोध्दा, म सफुँती ख्व्याल्सको युवराज नोच्यन हुँ । एक हप्ता अगाडि शिकार खेल्न

दलबल लिएर ख्व्यालसबाट निस्किएको थिए । राति अचानक ऋतु बिपरीत मौसम भएर हिमपहिरो आई शिकारी दलबल सबै बगाएर लग्यो । शौभाग्यले म मात्र भाग्न सफल भए । बेसुरमा भाग्दा भाग्दा यहाँ जौ बारी देखे । जौ बारी देखेपछि यही वरपर कतै गाउँ पनि होला भन्ठाने । केही समय अराम गर्न जौ बारीमा बसेको थिए । यही भुसुक्कै निदाए छु । अहिले तपाइँहरुको चर्को हल्लाले गर्दा बिउँझिए, नोच्यनले भन्यो ।

जेठो सभासद् ढगले बास्तवमा यो मान्छे युवराज हो होइन भनेर उनको अवस्थाको अध्ययन गर्दा, नोच्यनको अवस्था यस्तो देख्यो– अग्लो, मोटो, टाउके, तेजिलो आँखा, तीन आँखे, लामकाने, चौडा छाती, भाला, तरवार, धनुषकाँड भिरेको कालो माला लगाएको; कम्मरमा बाँधेको छालाको पेटीमा बिभिन्न थरीका स-साना घारिलो हतियारहरु सजाएको, नवजवान, युवराज नभए पनि होला जस्तो थियो । तिमी के खान्छौं यस्तो अजंगको भएको र तिम्रो पौराख के छ ? ढगले सोध्यो ।

म एक छाकमा सिंगै एउटा जिवत र तीन मानाको भात खान्छु । मेरो पौराख भनेको माथिबाट आउँने पैरो रोक्न सक्छु । तलबाट आउँने हुरी बतास रोक्न सक्छु । भूत प्रेत र वीर मसानलाई दमन गर्न सक्छु । न्याय निसाफ राम्रोसंग केलाउन सक्छु, नोच्यनले भन्यो ।

नोच्यनसंग यति संवाद गरिसकेपछि उनलाई कर्मअप नमगुरुको भविष्यवाणी स्मरण भयो । नोच्यनले भूत प्रेत

र वीर मसानलाई दमन गर्न सक्यो भने हाम्रो ठिनी ख्याल्स फेरि पनि समृद्ध हुन सक्दछ । तपाइँको विचार के छ ? सेनापतिसंग सोध्यो । नमगुरुको भविष्यवाणी र आजको घटनाको संयोग मिल्दो जुल्दो छ, सेनापतिले पनि सहमति जनायो । त्यसपछि, सभासद ढगले जनसमूहलाई सम्वोधन गर्दै भन्यो– हे ठिनीबासी हो, हाम्रो ख्याल्समा महाप्रतापी राजा नभएकाले शासन व्यवस्था लथालिङ्ग भएको छ । यो युवराज बडो सुरवीर र महाप्रतापी देखिन्छ । उनी राजा भएर भूत प्रेत र वीर मसानलाई दमन गर्न सक्यो भने हाम्रो ख्याल्स फेरि पनि समृद्ध हुन सक्दछ । यसमा तपाइँहरुको राय के छ भनेर सोध्दा, तपाइँको बिचार राम्रो छ । तमू तमू भनेर ताली बजाएर समर्थन जनाएपछि, ढगले नोच्यनलाई ठिनी ख्याल्सको राजा हुन अनुरोध गऱ्यो । गुरुङ भाषामा तमू तमू भनेको हुन्छ हुन्छ भनेको हो । यसैले, ठिनीवासीलाई तमू भनिएको हो भन्ने भनाइ 'पोङ्ब' श्रुतिवेदमा उल्लेख गरिएको छ ।

राजकुमार नोच्यनले सानै उमेरमा ऋद्धिबल प्राप्त गरेका थिए । ऋद्धिबल प्राप्त गरेका साधकहरुले समय र माटोको लक्षण बिचार गर्न सक्दछन् । त्यही अनुरुप त्यस ठाउँको लक्षण बिचार गरी हेर्दा, लक्षण राम्रो भएको देखेर सहमति जनायो । नोच्यनको मौन सहमति पाएपछि सभाध्यक्ष ढगले तत्कालै पगरी गुथाइ काँधमा बोकेर लगी गद्दीमा चढाए । नोच्यन गद्दीमा चढेपछि सभाध्यक्षलाई राजसभा बोलाउन आदेश दियो ।

## १०. राजा नोच्यनको उदयः

ठिनी राज्यमा वीर मसानको आतंकबाट राजकुमार नोच्यनको उदय भयो । नोच्यनको राज्याभिषेक भएपछि राजसभा बस्यो । राजसभामा सेनापतिबाट राज्यमा भइरहेको आतंक र 'अजिमो फजिमो'को कथा बृतान्त सुनायो । अन्तमा, ढगलाई मन्त्री पदमा नियुक्ति गरेको घोषणा गरेपछि केही काम कुरा बाँकी छ कि भनेर मन्त्रीलाई सम्बोधन गऱ्यो ।

एउटा काम बाँकी छ, मन्त्रीले भन्यो । के काम बाँकी छ भन्दा, हाम्रो परम्परा अनुसार राजगद्दीमा राजामात्र बसेर हुँदैन । रानी पनि हुनु पर्छ, ढगले भन्यो । यसको लागि के उपाय छ, राजाले भन्दा, उपाय छ राजन भनेर राजसभाका सदस्यहरुलाई सम्बोधन गर्दै मन्त्रीले भन्यो ।

हे राजसभा सदस्यहरु, तपाइँहरुको उमेर पुगेका बिबाह नभएका सबै कन्याहरु भोलि बिहान राजधारामा पठाइ दिनु । राजा त्यहाँ गएर कन्याहरुलाई हेर्ने छन् । उनले मन पराउँने कन्यालाई रानी बनाएर ल्याउने छन् । हाम्रो राजाले हाम्रै छोरीबेटी बिबाह गर्दा उत्तम हुन्छ, भन्दै मन्त्रीले राजसभा समाप्त भएको घोषणा गऱ्यो ।

## ११. राजा नोच्यनको बिबाह:

निर्धारित समयमा राजसभाको सदस्यहरुका उमेर पुगेका कन्याहरु राजधारामा नुहाइरहेका थिए । राजा राजधारा नजिकै गएर ती कन्याहरुसंग 'पञ्चम लक्षण' भए नभएको बिचार गरे । तर कुनै पनि कन्याहरुसंग 'पञ्चम लक्षण' भएको नदेखेपछि राजा त्यसै फर्किए । त्यसै फर्किएको देखेर कन्याहरु उपयुक्त भएन कि कसो, मन्त्रीले सोध्यो ।

कन्याहरु सुन्दरी छिन् । तर राज्यको उन्नति र प्रगतिका लागि रानीसंग 'पञ्चम लक्षण' पनि हुन आवश्यक छ, राजाले भने । यस्तो 'पञ्चम लक्षण' भएको कन्या हर युगमा जन्म हुँदैन भनेर मन्त्रीले भन्दा, सफुँती ख्व्याल्सको राजदरबारको सात्हु पैडीको छोरी पाङ्ग्रेस्यो पाङ्ग्रेस्यो भनेको निधरमा छिप्रेपाङ्ग्रे भएको स-सानो कालो र सेता दाग भएकोसंग मात्र 'पञ्चम लक्षण' छ, राजाले भन्यो ।

राजाको आशय बुझेपछि शिकारीको दलबल लिएर राजासंग सफुँती ख्व्याल्स गइ पाङ्ग्रेस्योलाई रानी बनाएर ल्याउनु भनी सेनापतिलाई मन्त्रीबाट आदेश भयो । मन्त्रीको आदेशानुसार सेनापतिले राजालाई सफुँती ख्व्याल्स लगि पाङ्ग्रेस्यो पधेरामा नुहाइरहेको अवस्थामा भेटी कुराकानी गरी रानी बनाइ सुरक्षित रुपमा ठिनी राज्यमा ल्याए ।

## १२. सफुँती ख्यात्ल्सको पतनः

सफुँती ख्यात्ल्सको राजदरबारको सात्हु पैडीको छोरी पाङ्ग्रेस्योलाई नोच्यनले बिबाह गरी ठिनी ख्यात्ल्स लग्यो भन्ने खबर पाएपछि सात्हु पैडी चिन्तित भयो । किनभने सफुँती ख्यात्ल्सको 'पञ्चम लक्षण' पाङ्ग्रेस्योसंग थियो । त्यो कुरा सात्हुलाई मात्र थाहा थियो । 'पञ्चम लक्षण' नभएपछि ख्यात्ल्समा अनिकाल हुन सक्ने राजालाई जानकारी गराएपछि राजसभा बोलायो । राजसभामा 'ह्योँत्हेँ' अर्थात द्रव्ययज्ञ गर्न राजाबाट मन्त्रीलाई आदेश भयो । त्यही मुताबिक ह्योँकरको दिनमा ख्लेप्रेँगुरुले ह्योँत्हेँ गऱ्यो । ह्योँत्हेँमा अन्नपानीको ह्योँ आयो । दीर्घायुको ह्योँ आयो । जनावरको ह्योँ आयो । चराचुरुङीको ह्योँ सबै आयो । तर द्रव्यको ह्योँ आएन । त्यो त्हेँमा द्रव्यको ह्योँ नआएपछि ख्यात्ल्समा महामारी भयो । त्यही कारणबाट सफुँती ख्यात्ल्सको पतन भयो ।

## १३. त्रिकालदर्शी नमको स्वागतः

राजा नोच्यनले त्रिकालदर्शी कर्मअप नमलाई ठिनी राज्यको राजसभामा भव्य स्वागत गरी कुलगुरुको सम्मानित स्थान ग्रहण गर्न अनुरोध गरे । नमले राजाको अनुरोध स्वीकार गरे । सभामा राजनीति, अर्थनीति र बिदेशनीति सम्बन्धी बिषयहरुमा छलफल भए ।

राजसभा उठेपछि राजा र कुलगुरु एकान्त बसेर छलफल गरे । छलफलमा तिम्रो ख्व्याल्समा के समस्य छ, कुलगुरुले सोध्यो । अहिले तत्कालको समस्या भनेको ख्व्याल्समा आतंक मचाउने हेरि हेरिनसक्ने, बुझि बुझिनसक्ने 'अजिमो फजिमो' भन्ने अजंगको मान्छे खाने वीर मसानलाई कसरी दमन गर्न सकिन्छ ? उपाय बताइ दिनु होस्, राजाले अनुरोध गऱ्यो ।

यो 'अजिमो फजिमो' भन्ने अजंगको वीर मसान त्यसै उठेको होइन । कुनै समय ठिनी ख्व्याल्समा नाम कमाएका झाँक्रीगुरुले वीर मसानको साधना गरेर पठाएको हो । त्यसैले, ती मसानहरुले गुरुको निर्देशन बमोजिम काम गर्छन् कुलगुरुले भन्यो । यति ठुलो झाँक्रीगुरुले वीर मसान जगाएर राजा र रानीको हत्या गर्नुको पछाडि के कारण छ, राजाले उत्सुक्तका साथ सोधे ।

यो वीर मसानको प्रसंगमा नमिठो राजनीतिक पृष्ठभूमि लुकेको छ । पाँच वर्ष अगाडिको मात्र कुरा हो । ठिनी ख्व्याल्समा खदो भन्ने राजा थियो । उनले कुटज्ञानमा पारंगत भएका मिर्कैं भन्ने झाँक्रीगुरुलाई कुलगुरु पदमा नियुक्त गरेका थिए । शासन पद्धतीको सिलसिलामा कुलगुरु र राजाबीचमा बैचारिक मतभेद भयो । अन्तमा, राजाले शक्तिको दुरुपयोग गरेर कुलगुरुलाई पदच्युत गरे । पदच्युत गरेकोमा कुलगुरुले आफ्नो अपमान भएको ठानेर तिम्रो राजबवंश र ख्व्याल्सको सर्वनास होस भनी श्राप दिएर हिमालय पर्वततिर गए । यो 'अजिमो फजिमो'

भन्ने वीर मसान मिर्कौं झाँक्रीगुरुको सेना हो । हिजो उनलाई शुक्लपक्षको अष्टमीको दिनमा पदच्युत गरेको हुनाले सोही दिनको प्रथम प्रहरमै आएर राजा र रानीको हत्या गरेर ख्व्याल्समा आतंक मच्चाएको हो । कुनै दिन उपयुक्त समय पारेर राज्यसत्ता हत्याउने यो उनको कुटिल दाउपेच पनि हो, कुलगुरुले बृतान्त घटना बतायो ।

हिजो खदो राजा थियो । आज म छु । अब मेरो जिम्मेवारी भनेको शासन व्यवस्था व्यवस्थित गर्ने । ख्व्याल्सको सीमाना सुरक्षित गर्ने । न्याय निसाफ राम्रोसंग केलाउने र जनधनको सुरक्षा गरेर ख्व्याल्सलाई उन्नतिको पथमा अग्रसर गराउँनु हो । तर, यो वीर मसानलाई दमन नगरेसम्म कुनै पनि कामको सम्भावना छैन । त्यसैले, यसलाई दमन गर्ने उपाय बताइदिनु होस्, राजाले निवेदन गर्‍यो । वीर मसानलाई दमन गर्ने गुढ मन्त्र र बिधि बिधानको उपाए बताएर कुलगुरु फर्किए ।

## १४. अजिमो फजिमो माथि विजयः

ठिनी राज्य (ख्व्याल्स)को शान्ति सुरक्षालाई सन्तुलित बनाउँनका लागि वीर मसानको दमन गर्न अपरिहार्य थियो । त्यसैले, कुलगुरुले दिएको गुढ मन्त्र र बिधिबिधान अनुसार पूर्व तयारी गरी शुक्लपक्षको अष्टमीको राती 'अजिमो फजिमो' भन्ने अजंगको मान्छे खाने वीर मसानलाई दमन गर्न मन्त्री, सेनापति र सेनाहरुलाई

आवश्यक निर्देशन दिई हातहतियार लिएर आ-आफ्नो स्थानमा सजग भएर बसे ।

रातको ठिक बाह्र बजेपछि दरबारको मूल ढोका बाहिरा कुकुर रोएझै संकेत गऱ्यो । एकछिन पछि दरबार भित्र ठुलो जानवर हिँडेको जस्तो सबद गऱ्यो । ढोकामा बस्ने द्वारपालले वीर मसान आयो । वीर मसान आयो, ठुलो स्वरमा भन्यो ।

सेनापतिले यताउती हेऱ्यो तर, केही देखेन । त्यही बेला सावधान ! सावधान ! जो जहाँ जहाँ छ, त्यही बस्नु । मैले गुढ मन्त्रद्धारा चारै दिशा बाँधिसकेको छु अत्तिनु पर्दैन, राजाले भने । एकछिन पछि दुइवटा मधुरो छाँयाको पछि पछि ॐ फट् हुँ । ॐ फट् हुँ भन्दै राजा पनि छायाँको पछि पछि दौडियो । वीर मसानलाई बसमा पारिसके पछि तिमी मिर्कें भन्ने झाँक्रीगुरुले व्यक्तिगत स्वार्थमा ख्व्याल्सलाई तहस नहस गरी आतंक मच्चाएको हुनाले अब तिम्रो बिनाश निश्चित छ भनी अग्निवाण हान्यो । अग्निवाणको तेजले वीर मसानको स्वरुपमा रहेको मिर्कें झाँक्रीगुरुको असली रुप प्रकट भएर मृत्यु भयो । झाँक्रीको मृत्यु भएपछि दोबाटोमा लगेर शास्त्रिय बिधान अनुसार कर्मकाण्ड गरी दफन गरियो । यस कार्यबाट ख्व्याल्समा आतंक मच्चाउने वीर मसान माथि पूर्णरुपमा विजय प्राप्त भयो ।

## १५. ठिनी राज्यमा उत्सवः

ठिनी राज्य (ख्व्याल्स)मा दुःख दिने 'अजिमो फजिमो' भन्ने वीर मसान माथि विजय गरेको खुसियालीमा राज्यमा दश दिनसम्म उत्सव मनाउने तयारी भयो । उत्सव मनाउँने क्रममा सवभन्दा पहिले वीर समानले मारेका नौजना राजाको प्रतीक नौवटा दुना र सातवटी रानीको प्रतीक सातवटा दुनामा भोजन राखी उत्सवका पूजा गरियो । राजा नोच्यनले वीर मसान माथि विजय गरेको हुनाले सो अवसरमा राजसभाद्धारा 'खोर्लोह्रिर्मोंछे' अर्थात् चक्रचुडामणि मानपदवी चढाइ सम्मान गरियो । यो उत्सवको परम्परा ठिनी ख्व्याल्समा वर्षेनी चल्दै आयो । नौ दिनसम्म हराहरी मनाएर दशौं दिनमा समापन गरिने यो पर्वलाई दशहरा (दशै) पनि भनिन्छ । यो उत्सव गुरुङ समुदायमा 'खेमानाँब' पितृपूजाको नामबाट अविछिन्न प्रचलित हुँदै आएको छ ।

## १६. नम र ख्लेप्रँको प्रतियोगिताः

ठिनी राज्य (ख्व्याल्स) सम्पन्नशाली एवं प्रभावशाली भएकोले आसपासका स-साना राज्यहरु पनि गाभीदै आए । ख्व्याल्सको सीमाना पनि फराकिलो भयो । शासन व्यवस्था सुरक्षित एवं व्यवस्थित भएको हुनाले ख्व्याल्समा शान्ति, समृद्धि, उन्नति र प्रगति भयो । ख्व्याल्सले स्वर्ण युगमा प्रवेश गऱ्यो । ठिनी ख्व्याल्स समृद्धिशाली भएको

देखेर टाढा टाढाबाट ख्लेप्रेँगुरुहरु पनि यजमानी गर्न आए । यजमानीको विषयले गर्दा, नमगुरुहरु र ख्लेप्रेँगुरुहरुबीच मनमुटाव भयो । यो अवस्था राजाले थाहा पाए पछि राजसभा बोलाएर छलफल भयो । यो समस्या यजमानीको विषय भएकोले कुलगुरुबाटै परामर्श होस, राजाले भने ।

बाहिरबाट आएका ख्लेप्रेँगुरुहरुले पनि यजमानी गरे भन्ने सवालमा नमगुरुहरुको कुनै अपत्ति छैन । यजमानी भनेको स्वतन्त्र हुन्छ । जनमानसलाई नमबाट सेवा लिन चाहेमा नमबाट र ख्लेप्रेँबाट लिन चाहेमा ख्लेप्रेँबाट लिन स्वतन्त्र हुनु पर्छ । यजमानी भनेको जनसेवा हो । सबैले जनसेवा गर्न हुन्छ र पाइन्छ । तर यजमानीको सवालमा एकले अर्कोलाई हिलो छ्याप्ने र होच्याउँने काम राम्रो हुँदैन, कुलगुरुले भने ।

नम र ख्लेप्रेँको समस्या समाधान गर्ने विषयमा धेरै छलफल भयो । तर निष्कर्षमा पुग्न सकेना । त्यसैले, निष्कर्षमा पुग्न कुलगुरुलाई राजाले पुनः अनुरोध गऱ्यो ।

हे राजन, तपाइँ ठिनी ख्व्यात्सको शासक हो । न्याय के हो ? अन्याय के हो ? धर्म के हो ? अधर्म के हो ? गर्न हुने काम के हो ? गर्न नहुने काम के हो ? काम, कर्तव्य र आचरणमा के फरक छ भनेर न्याय निसाफ केलाउँने काम राजाको हो । त्यसलाई लागु गरेर जनस्तरसम्म पुऱ्याउने काम राजसभाका सदस्यहरुको जिम्मेवारी हो । हामी नमगुरुहरु त आवश्यता भए परामर्श दिने । अन्यथ, आफ्नो योग्यता अनुसारको शील ग्रहण गरी बस्नु पर्ने हुन्छ

। शील भंग गर्न हुँदैन । शील र आचरण भंग गऱ्यो भने त्यो नम धर्मद्रोही हुन्छ । धर्म द्रोही भनेको शोसनको अदृश्य मार्ग हो । त्यसैले, 'बहुजन हिताय बहुजन सुखाए'को आधारमा काम गर्नु उपयुक्त हुन्छ, कुलगुरुले नीतिगत परामर्श दिए ।

राजसभामा छलफल हुदा नम र ख्लेप्रैँबीच योग्यताको प्रतियोगिता गराउँने । प्रतियोगितामा जो सर्वश्रेष्ट देखिन्छ उसैलाई मान्ने भन्ने सर्वसम्मत भएपछि नम र ख्लेप्रैँबीच प्रतियोगिता गराउँने निर्णय भयो । प्रतियोगिताको लागि नीलगिरी हिमाल चढने प्रस्ताव भयो ।

निर्धारित समयमा ख्लेप्रैँगुरु र नमगुरुबीच शिखर चढने प्रतियोगिता सम्पन्न भयो । प्रतियोगिता जनसमूहको प्रत्यक्ष उपस्थितिमा भएको हुनाले ख्लेप्रैँ मान्ने समूहले ख्लेप्रैँको सर्मथन गर्दै, ख्लेप्रैँगुरु कहाँ पुगे भनेर हेरे । नम मान्ने समूहले नमको सर्मथन गर्दै, नमगुरु कहाँ पुगे भनेर हेरे । यसरी हेर्दा, ख्लेप्रैँगुरु हिमालको टुप्पोमा पुग्नै लागेको थियो । तर नमगुरु भने प्रस्थान बिन्दुमै ध्यान मुद्रामा बसिरहेको थियो । त्यसैले, नमगुरुको शुभचिन्तकहरु चिन्तित भए । बिहान सूर्योदय भएपछि निलगिरी हिमालको टुप्पोबाट सूर्यको किरण नमगुरुको टाउकोमा झऱ्यो । सूर्यको किरणबाट सिधै नीलगिरी हिमालको शिखरमा पुगेर प्रतियोगितामा प्रथम भए । यसरी, सूर्यको किरणमा उड्न सक्ने नमगुरुको योग्यता देखेपछि जनसमूह सबैले नम गुरुको गुनगाण गाएर मलँ थापे । ख्लेप्रैँगुरु प्रतियोगितामा

हारेको हुनाले आफ्नो ढ्याङग्रो त्यही भीरमा फाले । ढ्याङग्रो दुइ टुक्र भयो । त्यही घटनाबाट ख्लेप्रैं गुरुहरुले एकपाटे ढ्याङग्रो बजाएको संस्कार रहन आएको भन्ने श्रुति परम्परा रहेको छ ।

## १७. ठिनी राज्यको पतन:

राजा नोच्यन 'खोर्लोह्निर्मोछे'को उत्तराधिकारीहरुमा फैबच्यन, स्यारच्यन, मैनच्यन, बीरच्यन, थाकच्यन, लोकच्यन र कर्मच्यन गरी ८ पुस्तासम्म रजाइँ गरे । कर्मच्यनको धेरै रानीहरु भएकोले शक्ति केन्द्रहरुको पनि क्रमश उदय हुँदै आयो । उनका भाइ बमच्यनले शक्ति केन्द्रहरुको उपयोग गरेर राजनीतिक बिद्रोह गऱ्यो ।

राजनीतिक बिद्रोहको कारण राजा कर्मच्यनले राजगद्दी त्यागी शान्तिको खोजीमा गुफा प्रवेश गऱ्यो । यस घटनाबाट प्रभावित भएर कर्मच्यनको उत्तराधिकारी-हरुले एउटा समूह बनाएर मनाङको क्होल हुँदै 'ख्होल-सोँ-थर' आए । उनीहरु तमू भनेर परिचित भए । एउटा सुमूह 'काली गण्डकी'को तिरैतिर गए । उनीहरु मगर भनेर परिचित भए । एउटा समूह तामाङ भनेर परिचित भए । ठिनी ख्व्याल्समै बस्नेहरु थकाली भनेर परिचित भए । कुनै समय स्वर्ण युगले परिचित ठिनी राज्यको राजनीतिक बिद्रोहको कारणले पतन भयो ।

## १८. ख्होल-सोँ-थरको स्थापनाः

राजा कर्मच्च्यनको जेठो छोरा ख्होलच्च्यनले एउटा बिशाल समूहको नेतृत्व गर्दै उइच्हो, कोदोँ, बगर हुँदै क्होल आएर बसे । मनाङको क्होलमा केही समय बसेपछि नमुन भन्ज्याङ पार गरेर लमजुङ हिमालको फेदमा अवस्थित पोल्च्हो आइ एकै पटकमा तीन ठाउँमा बस्ती बसाले । ख्होलच्च्यनको नेतृत्वमा एकै समयमा तीन स्थानमा बस्ति बसालेको हुँनाले सो स्थान 'ख्होल-सोँ-थर'को नामबाट परिचित भयो ।

## १९. घले राजाको उदयः

राजकुमार ख्होलच्च्यन 'ख्होल-सोँ-थर'को बिधिवत राजा भएपछि शासन व्यवस्थालाई व्यवस्थित गर्न उनका भाइ पारच्च्यनलाई मन्त्री, जेठो मामा छेकाँलाई सभाध्यक्ष र कान्छा मामा सताँलाई सेनापति बनाएर आफु च्यनबाट 'ख्ल्ले' अर्थात राज्यको मालिक वा अधिपति घोषणा गरेर रजाइँ गरे । यसरी 'ख्होल-सोँ-थर'मा च्यन वंशको अर्को रुपमा घले राजाको उदय भयो । यो 'ख्ल्ले' भन्ने तमू भाषाको मूल शब्द अपभ्रंश भएर 'क्ले' भयो । 'क्ले'को नेपाली रुपान्तरण 'घले' हुन आयो । यो 'ख्ल्ले वा क्ले वा घले' भन्ने शब्द समय अनुकुल रुपान्तरित हुँदै आए तापनि यसको अर्थ 'राज्यको मालिक वा अधिपति' भन्ने हुन्छ । 'ख्होल-सोँ-थर'मा घले वंशले लामो समय रजाइँ गरे ।

## २०. स्योलि पच्युको महायज्ञः

ख्होल-सौँ-थरको ह्निल तमूको जेठो छोरा चिमिविड्ुले तमू लामो समय मन्त्री पदमा रहेर जनसेवा गऱ्यो । चिमिविड्ुले लामो समय जनसेवा गरेको हुँनाले उनको मृत्यु पछि अन्त्येष्टि कार्य पनि राज्यकै तर्फबाट गरिदिने घोषणा भएकोले 'ख्होल-सौँ-थर'मा 'रोरोपिपीँ, सिसीम्होमा, ङ्हङ्हाँत्हुतुँ' गरेर दःुख दिने 'असर्फीमोँ'लाई मायावी ढंगले वशमा पारेर नाम कमाएका स्योलि पच्युले पितृकार्यको नाउँमा महायज्ञ गरे । तर, पितृकार्य सकेको तेश्रो रातमा चिमिविड्ु दिशामा डुबिरहेको, शरीरै भरी खटिरै खटिरा भएर किरा परेको र झुत्रोमुत्रो अवस्थामा बाटो मुनी बसेर रोइरहेको राजाले सपनामा देख्यो । यस प्रकारको सपना राजाले तीन पटकसम्म लगातार देख्यो । यस्तो सपना देखेपछि चिमिविड्ु नर्कमै भएको कुरा राजालाई बिश्वास भयो । त्यसैले, राजाले राजसभा बोलाएर सपनाको कुरा सभामा बृतान्त सुनायो । राजसभामा छलफल भयो । छलफलमा ठिनी ख्याल्सबाट ख्लेप्रँगुरुहरु बोलाइ चिमिविड्ुको पुनः पितृकार्य गरिदिने कुरामा सहमति भयो । त्यही सहमति अनुसार चिमिविड्ुको अन्तिम पितृकार्य सम्पन्न भयो । सो कार्यबाट चिमिबिड्ु स्वर्गालिन भएको बिश्वास भयो ।

# २१. ङ्होकैँइ, ह्वाँकैँइ र सोँकैँइः

ठिनी ख्याल्सबाट ख्लेप्रँ गुरुहरु बोलाएर पुनः पितृकार्य गरिदिएपछि चिमिविडु स्वर्ग गयो भन्ने कुराको व्यापक चर्चा भयो । आफ्नो यजमानीमा ख्लेप्रँ गुरुहरुले प्रभावित गर्न थालेपछि स्योलि पच्युलाई ज्यादै इर्ष्या भयो । त्यही इर्ष्याले गर्दा, आफ्नो ज्ञानको प्रभावबाट 'ख्होल-सोँ-थर'मा तीन महिनासम्म "ङ्होकैँइ, ह्वाँकैँइ र सोँकैँइ" हुने चटक देखाइ दियो । अर्थात सिरान गाउँमा तीन महिनासम्म झरी परेर घाम नलाग्ने भएपछि भुटेर भारमा सुकाएर पिनेर खानु पर्ने अवस्था भयो । माझ गाउँमा तीन महिनासम्म बादल लागेर ओसिएपछि उसिनेर भारमा सुकाएर पिनेर खानु पर्ने अवस्था भयो । पुच्छार गाउँमा भने आफु पनि बसेको हुनाले साविक बमोजिमकै अवस्थामा थियो । सिरान र माझ गाउँमा यस्तो अचम्मको अवस्था भएपछि सबै चिन्तित भए । यस्तो अवस्था कसरी भयो भनेर राजसभामा छलफल भयो ।

ख्लेप्रँगुरुहरु आएर चिमिविडुको अन्तिम पितृकार्य गरेपछि स्योलि पच्युले सानो मन गरेको छ भन्ने खबर प्राप्त हुन आएको छ । यो छलछाम स्योलि पच्युले पनि गर्न सक्दछ भनेर पच्युलाई पनि सभामा बोलाएर यसो हुनुको कारण सोधे । ख्होल-सोँ-थरमा "ङ्होकैँइ, ह्वाँकैँइ र सोँकैँइ" भएको दुःखद अवस्था मैले गरेको होइन । तर यसको उपाय मैले गर्न सक्छु, भन्यो । पच्युको परामर्शमा

नौ मुरी, नौ पाथी, नौ माना अनाज र द्रव्य राखी मौसम सफा हुने महायज्ञ गऱ्यो । महायज्ञ सम्पन्न भएपछि मौसम राम्रो भएर जनजीवन सन्तुलनमा आयो । त्यहीबाट पच्युहरुले गरिने यज्ञमा नौमुरी, नौपाथी र नौमाना अनाज राख्नु पर्ने संस्कार रहेको भन्ने जनश्रुति रहेको छ ।

## २२. राजनीतिक बिद्रोहः

ख्होल-सोँ-थरको राजा अबु ख्याल घलेको तीनवटी रानीहरु थिए । जेठीबाट दबु ख्याल घले, माहिलीबाट कबु ख्याल घले र कान्छीबाट पारु ख्याल घले भन्ने तीनजना राजकुमारहरु जन्मिए । राजकुमारहरु हुर्किएपछि तर्क्रँ भन्ने कुलगुरुबाट धर्म, कर्म, रीतिरिवाज, परम्परा, कुलसंस्कार र राजनीतिहरुको शिक्षा प्राप्त गरे । त्यसपछि र्बिसँ भन्ने गुरुसंग धनुष विद्या, सिकारी नीति, युद्धनीति एवं हातहतियारहरु चलाउँने प्रशिक्षण प्राप्त गरे पछि राजपरिवारको चलन अनुसार दबु ख्याल घलेलाई युवराज घोषणा गऱ्यो ।

युवराज दबुख्याल घलेको प्रभाव बेजोड हुँदै आएको देखेपछि कबु ख्याल र पारु ख्यालका मामाहरु मिलेर राज्य शक्तिको सवालमा चलखेल सुरु गऱ्यो । परिणामः राज्य दुई धारमा ध्रुबीकरण भएर एक आपसमा मनमुटाव एवं शंका उपशंकाका दृष्टिले हेर्न थाल्यो । यस्तो अवस्था भएको राजाले थाहा पाएपछि राजसभा बोलाए ।

ख्वोल-सौं-थरमा राजसभा बस्यो । सभामा तत्कालिन अवस्थामा राज्यमा भइरहेको गतिविधि र ध्रुवीकरणको बारेमा छलफल गर्न आदेश दिए । तर राजसभा पूर्णरुपमा मौन बस्यो । राजसभा मौन बसेको देखेपछि राजाले महामन्त्रीलाई सत्य कुरा भन्न आदेश दियो ।

यो कुरा मलाई भन्दा राजकुमारहरुलाई सोध्दा उत्तम होला, महामन्त्रीले अनुरोध गरे । महामन्त्रीको अनुरोधमा राजाले युवराज र राजकुमारहरुसंग पनि सत्य कुरा भन्न आदेश गऱ्यो । तर कसैले पनि मुख खोलेन । राजसभामा सबै मौन बसेको देखेर सत्य कुरा भन्न महामन्त्रीलाई राजाले पुःन आदेश दियो ।

हे राजन्, सत्य कुरा टर्रो, पिरो र नमिठो हुन्छ । तर म महामन्त्री भएको हुनाले मैले सत्य कुरा भनिन भने राजाले कसरी थाहा पाउने । राजाले सत्य कुरा थाहा नपाएपछि न्याय निसाफ कसरी गर्ने ? न्याय निसाफ सही नभएपछि राज्य व्यवस्था सुस्ताउँछ ।

हाम्रो राज्यको भविष्य युवराज र राजकुमारहरुको काँधमा छ । उनीहरु सुरवीर, बलवान र ज्ञानी पनि छन् । तर साँझकाल मान्छेको छाँया लामो देखियो भने अब सूर्यास्त हुने समय भैसकेकोछ भन्ने कुरा बुझ्नु पर्छ । हिजो साँझ मैले युवराज र राजकुमारहरुलाई छुट्टाछुट्टै भेटेर कुरा गरे । कुराको सार बुझ्दा एउटा बनमा दुईवटा बाघ मिलेर बस्न नसक्ने कुराको संकेत प्राप्त भयो । अर्थात् मर्ने वा मार्ने निश्चित भैसकेको छ । मैले बुझेको सत्य कुरा यही

हो, महामन्त्रीले भने ।

युवराज र राजकुमारहरुको राय के छ बृतान्त गरेर सभामा भन भनेर राजाले भन्दा, कबु ख्याल र पारु ख्याल घलेले हामीलाई पनि स्वतन्त्र राज्य चाहिन्छ। राज्य पाएनौँ भने दबु ख्यालका बिरुद्ध बिद्रोह गर्छौं, भन्यो। दबु ख्यालको बिचार के छ भनेर सोध्दा, म भाइहरुको कुरामा सहमत छैन । किनभने मेरा भाइहरु निर्दोष छन् । तर भाइहरुको मनमा विष भरेर मेरो बिरुद्धमा उचालेर व्यक्तिगत् लाभ उठाउँन चाहने उनका दुइजना मामाहरु र मतियारीहरु दोषी छन् । अर्को कुरो, राज्यमा युद्ध भएपछि बिभाजन हुन्छ । रक्तपात हुन्छ । जनधनको क्षति हुन्छ । यस्तो अवस्थामा राज्यले उन्नति र प्रगति गर्न सक्दैन । राजाको काम राज्यमा शान्ति र सुव्यवस्था कायम गरी जनहित हुने काम गर्ने हो । युवराज र राजकुमारहरुले त्यो व्यवस्थालाई दिगो बनाउँन अग्रगामी भूमिका खेल्ने हो । यही कुरा मन्त्रीहरु र भलाद्मीहरुको पनि कर्त्तव्य र दायित्व हुन्छ, दबु ख्यालले भन्यो। युवराजको कुरामा मेरो पूर्ण समर्थन छ, महामन्त्रीले भनेपछि दोषीहरुलाई सभामा उपस्थित गराउँनु, राजाबाट आदेश भयो ।

महामन्त्रीलाई कहाँ के भैरहेको छ ? कस्ले के गर्दै छ ? को को यसमा मतियारी छन् सबै कुराको जानकारी थियो। त्यसैले यस कार्यका प्रमुख मतियारी कबु ख्यालको मामा नरमान, पारु ख्यालको मामा कबो, कुलगुरुको छोरा मनक्वँ र बिर्सँको छोरा चसँ गरी चार जना राजसभामा

उपस्थित गराए ।

तपाइँहरु चारै जना राजसभाको सदस्य हुनुहुन्छ । राज्यलाई आतंकित बनाएर बिभाजन गर्ने कार्य राम्रो होइन । यिनीहरुलाई कस्तो सजाय दिँदा राम्रो हुन्छ, राजाले महामन्त्रीसंग सोध्यो ।

यो कुरा राजकुमारहरु स्वयंलाई सोध्दा उपयुक्त होला, महामन्त्रीले भन्यो । राजकुमारहरु दुबै जनालाई सोध्दा कुनै जवाफ आएन । युवराजलाई सोध्दा, यी चारै जना मानिसहरु मेरो आदरणीय हुन् र राजसभाका सदस्य पनि । अर्को कुरो राज्यमा बिद्रोह हुने संकेत देखियो भने त्यस राज्यको राज्य व्यवस्था र न्याय प्रणाली ठीक भएन भन्ने कुरा राज्य सञ्चालकले बुभ्नु पर्छ । बिद्रोह आज रोकिए पनि भोलि हुन सक्दछ । एक पटक उठिसकेपछि बिद्रोहको आवाज सेलाउछ मात्र निभ्दैन । त्यसैले, बिद्रोहीहरुलाई एक पटक माफी दिनका लागि राजसभासंग अनुरोध गर्छु, युवराजले भन्यो । चारै जनालाई माफी दिइयो ।

राजसभामा भएको गतिविधि देखेर युवराजलाई औडा भयो । कुनै पनि कुराको निष्कर्षमा पुग्न नसकेपछि मध्य रातमा महामन्त्रीको घरमा गए । सूचना बिना युवराजको आगमान देखेर केही अप्रिय घटना भयो कि कसो, महामन्त्रीले सोधे । आजको राजसभाको गतिविधि देखेर म सशंकित भए । मैले सभामा धेरै पनि बोलेँ । त्यसैले, परिणाम कस्तो होला भन्ने कुराको सार बुभ्न तपाइँनिर आएको, युवराजले भने ।

हे युवराज, हिजोको राजसभामा तपाइँको तर्कपूर्ण बिचार सुनेर म अत्यन्तै प्रभावित भए । राज्यका मन्त्रीहरु र भलादमीहरुले व्यक्तिगत स्वार्थका लागि शासकको प्रत्येक कुरामा ठीक हो । ठिक हो । भनेर हाँमा हाँ मिलाएपछि सत्य र न्याय हराउँछ। सत्य र न्याय हराएपछि अन्याय र अत्यचार मौलाउँन थाल्दछ। यसबाट बिद्रोहको बिजारोपन हुन्छ ।

त्यसैले, राज्यको सुरक्षित व्यवस्थापनका लागि सतर्क हुन आवश्यक छ। शक्ति सन्तुलनको लागि दिव्य शक्ति प्राप्त गर्न आवश्यक छ । त्यसैले, 'ठ्हों' भन्ने गुफामा त्रिकालदर्शी गम्पोप नम ध्यान गरेर बसेका छन् । उनको सेवामा जानु । तिमीलाई के चाहियो भनेर भन्दा, फलामले नकाट्ने, आगोले नपोल्ने, पानीले नभिज्ने र हवाले नउडाउँन वरदान माग्नु, महामन्त्रीले परामर्श दियो ।

महामन्त्रीको परामर्श अनुसार युवराज नमको सेवामा पुग्यो । राजघरानाको मर्यादा अनुसार गुरुलाई दर्शन गरेपछि मनले चिताएको पुगोस् । युवराजलाई के समस्या छ, गुरुले भन्यो ।

अहिले हाम्रो राज्य संकटकालीन अवस्थामा छ । मलाई फलामले नकाट्ने, आगोले नपोल्ने, पानीले नभिज्ने र हावाले पनि उडाउँन नसक्ने अमर वरदान दिनु, युवराजले भन्यो ।

यो वरदान मैले दिन सक्दैन । तर पूर्णिमाको दिनमा 'कौँरुँब' अर्थात् कैलाशपतिको नाउँमा दिव्याश्त्र महायज्ञ

गऱ्यो भने सबै वरदान प्राप्त हुन सक्दछ, गुरुले भन्यो । गुरुको परामर्शलाई छिटै कार्यान्वयन गरेर महायज्ञको निम्तो दिन आउनेछु भनी गुरुसंग बिदा भएर फर्किए ।

गुफाबाट फर्किएपछि महामन्त्रीसंग परामर्श भयो । महामन्त्रीको निर्देशनमा पूर्णिमाको दिनमा कोँरुँबको नाउँमा दिव्याश्त्र महायज्ञ सम्पन्न भयो । उक्त महायज्ञबाट युवराजलाई फलामले नकाट्ने, आगोले नपोल्ने, पानीले नभिज्ने र हावाले पनि उडाउन नसक्ने अमर वरदान प्राप्त भयो । त्यो महायज्ञ के कारण गरियो ? युवराज र महामन्त्रीलाई बाहेक अरु कसैलाई जानकारी थिएन ।

ख्होल-सोँ-थर र त्यसको आसपासमा ख्लेप्रेँवादको प्रभाव बलियो थियो । राज्यमा ख्लेप्रेँहरु हुँदाहुँदै युवराजले नम गुरुद्धारा महायज्ञ सम्पन्न गरेको हुनाले ख्लेप्रेँवादले त्यसको चर्को बिरोध गऱ्यो । हिजो बिद्रोहको नेत्रित्व गर्ने चारै जनाले महायज्ञलाई मूल विषय बस्तु बनाएर खुला रुपमा बिरोध प्रदर्शन गऱ्यो ।

महायज्ञको विषयमा खुलेर बिरोध भएपछि राजसभा बस्यो । बिरोधी पक्षका चार जनालाई महायज्ञको बिरोध हुनुको कारण, राजाले सोधे ।

राज्यमा ख्लेप्रेँगुरुहरु हुँदाहुँदै नमद्धारा महायज्ञ किन गर्नु पऱ्यो ? यसबाट मनमुटाव हुन्छ, बिरोधी पक्षले भन्यो । उनको कुरामा दुइजना राजकुमारहरुले पनि सर्मथन गऱ्यो । बिरोधीहरुको कुरा सुनिसकेपछि युवराजलाई महायज्ञ गर्नुको कारण सोधे ।

हे राजन, राज्य व्यवस्था सही तरिकाले सञ्चालन गर्नका लागि राज्यमा प्राज्ञ र बिद्धानहरुको उपस्थिति हुन अनिवार्य छ । मैले ख्लेप्रेँगुरुहरुलाई नमान्ने भनेको छैन । तर गम्पोप नम त्रिकालदर्शी हुनुहुन्छ। वहाँले भूत, वर्तमान र भविष्यको कुरा स्पष्टसंग जान्न र बुझ्न सक्नुहुन्छ । त्यसैले, राज्यको भविष्य जान्नका लागि नमद्धारा महायज्ञ गरिएको हुँ । महायज्ञबाट राज्यको भविष्य हेर्दा, हाम्रो भविष्य उज्यालो छैन। त्यसैले, जनधनको सुरक्षाको लागि बिपक्षीहरुको कुनै पनि शर्तमा सन्धि गर्न म तयार छु, युवराजले भने । सन्धिको बारेमा छलफल भयो तर, कुनै निष्कर्षमा पुग्न सकेन ।

आजको सन्धि सभाले कुनै निष्कर्ष निकाल्न नसकेको हुनाले यो सभामा म एउटा प्रस्ताव राख्न चाहन्छु । राज्यमा पटक पटक बिद्रोहको संकेत भइरहेको छ । यसबाट राज्य दुइ भागमा बिभाजन भएको कुरा प्रष्ट हुन्छ। आजको सभाले कुनै निष्कर्ष लिन नसक्नुको कारण पनि यही नै हो। अब राज्यमा युद्ध हुने कुरा लगभग निश्चित छ । यसको कुनै बिकल्प छैन । युद्ध भएपछि जनधनको क्षति हुन्छ। रक्तपात हुन्छ। यो बिरोध मलाई भएको हो। किनभने मलाई पदच्युत गरेर माइला भाइ युवराज हुन चाहन्छन्। तर मलाई पदच्युत गराउँन मसंग प्रत्यक्ष युद्ध गर्नु पर्छ । मैले वीरगति प्राप्त गरेपछि मात्र भाइहरु युवराज हुन सक्दछ । त्यसैले, बिद्रोहीहरुलाई मसंग युद्ध गर्न स्वागत् गर्दछु, युवराजले प्रस्ताव गर्यो ।

हामी युद्ध गर्न तयार छौं, बिपक्षहरुले पनि भन्यो । युवराज र राजकुमारहरुको प्रतिज्ञा सुनेर राजाको हृदय गति रोकियो ।

भोलि ठीक मध्यान्नमा राजसभाका सदस्यहरु, पञ्च भलादमीहरु, सर्वसाधरण जनताहरु र युद्धको तयारीमा दुबै पक्ष बिपक्ष कोटमा हाजिर हुनु, महामन्त्रीबाट आदेश भयो । राजसभा उठ्यो ।

युवराज बिहानै गुफामा पुगेर नमगुरुको दर्शन गरेर भने– हे त्रिकालदर्शी नममहागुरु, आज 'ख्होल-सौँ-थर'को भाग्यको छिनोफानो हुने अन्तिम दिन हो । यो युद्धमा मेरो बिजय भएर म राजा भए भने तपाइँ कुलगुरु पदमा बसेर राज्य सञ्चालनमा आवश्यकता अनुसार परामर्श दिन निम्तो पनि लिएर आएको छु, युवराजले भन्यो ।

हे युवराज, तिम्रो बिजय निश्चित छ, गुरुले भन्यो । गुरुको आशीर्वाद लिएर युवराज सिधै कोटमा पुग्गे ।

तोकिएको समयमा कोटको ढोका खुल्यो । राजसभाका सदस्यहरु, पञ्च भलादमीहरु, जनसमूह, पक्षको युवराज दबु ख्याल घले र बिपक्षका राजकुमारहरु: कबु ख्याल घले, पारु ख्याल घले, नरमान, कबो, मनक्व्रैँ र चसँ गरी ६ जना उपस्थित भए ।

सबै पक्ष बिपक्षहरु उपस्थित भइसकेपछि राजसभाका सदस्यहरु र पञ्च भलादमीहरुलाई साक्षी राखेर आज 'ख्होल-सौँ-थर'को भाग्य फैसला गर्न युवराज र उनका प्रतिद्वन्दीहरुबीच राज्यशक्तिका लागि कोटमा युद्ध हुदै छ

। यो युद्ध हारजित नभइन्जेलसम्म हुने छ। पक्ष र बिपक्षले केही कुरा भन्न चाहेमा भन्न सक्छन्, महामन्त्रीले भन्यो ।

हे ख्वोल-सौँ-थरका राजसभाका सदस्यहरु, पञ्च भलादमीहरु, जनसमूह, मातृ पितृहरु र बिपक्षका प्रतिद्वन्दीहरु सबैलाई मेरो सादर प्रणाम छ । मैले बिपक्षीहरुसंग युद्ध गर्न चाहेको थिएन । तर राज्यमा जनधनको सुरक्षा र सुशासन कायम गर्नका लागि यो युद्ध अनिवार्य भएको हुनाले युवराजको हैसियतले बिपक्षीहरु-संग युद्ध गर्न तयार छु, युवराजले भने । तर बिपक्षीहरुले भने केही पनि भन्न चाहेनन् । पक्ष र बिपक्षको कुरा केही छैन भने युद्ध सुरु होस, महामन्त्रीले आदेश दिए । कोटमा युद्ध सुरु भयो ।

चसँ तरवार विद्यामा निपुन थियो । त्यसैले, सर्वप्रथम तरवार लिएर चसँ आयो । दाउ हेर्न पर्दैन । सक्छ भने सिधै आएर हान, युवराजले भन्यो । चसँ सुरवीर थियो । सिधै आएर जोडले युवराजको घाँटीमा हान्यो । उनको तरवार कठोर बस्तुमा हने झै ट्ववववाको आवाज आएर दुई टुक्र भयो । झटपट अर्को तरवार निकाल्न खोज्ने बेलामा युवराजले मुला काटे झै च्वाट्ट काटी दियो । एवं रितले बाँकी पाँच जनालाई पनि मुला काटे झै काटिदिए पछि कोट रगतम्य भयो । युवराजको शक्ति देखेर सबैले जय जयकार गरे ! युवराज बिधिवत राजा भए । नमगुरुले कुलगुरुको पदग्रहण गरे । त्यो घटनाबाट ख्वोलमा कसैले पनि बिद्रोह गर्ने साहस गरेनन् । शासन व्यवस्था सुचारु

रुपले चलेपछि राज्यले उन्नति प्रगति गऱ्यो ।

एक दिन बिहानै कुलगुरु र महामन्त्री राजासंग भेटन आए । बिशेष कुरा केही थियो कि भनेर राजाले सोध्दा, अब म नौ वर्ष, नौ महिन र नौ दिनको लागि ध्यान गर्न जाने समय भइसक्यो । त्यसैले, राजासंग बिदा हुन आएको, कुलगुरुले भने । तीनै जनाकोबीचमा राज्यनीति, बिदेशनीति र अर्थनीतिको बारेमा छलफल भएपछि कुलगुरु फर्किए ।

कुलगुरु ध्यानबाट फर्केपछि राजसभाले सम्मानसाथ स्वागत गऱ्यो । राजसभामा बिबिध विषयमा छलफल भयो । सभा समाप्त भएपछि राजा, महामन्त्री र कुलगुरु तीन जना एकान्त बसेर छलफल भयो ।

अब म चालीस पार गरिसके । सन्तानको रहर पुगेन । मेरो जन्म कुण्डली बिचार गरिदिनु, राजाले भने ।

त्रिकालदर्शी गुरुले राजाको जन्म कुण्डली बिचार गरी राजाको लग्नमा जायजन्म छैन, भने । जायजन्मको बारेमा छलफल भयो । राजाले अर्को बिबाह गर्ने इच्छा गरे । तर त्यसबाट पनि सन्तान हुदैन, कलगुरुले भन्यो । अन्तमा, बिर्यदान महायज्ञ गरे सन्तान हुन सक्ने परामर्श गरे ।

राजाको इच्छानुसार नमगुरुले बिर्यदान महायज्ञ गऱ्यो । यज्ञको अन्तिम भागमा पुगेपछि गुरुले रानीलाई बोलाउँनु भने । रानीलाई बोलाउँन पठायो तर, रानी आएन । नआएपछि बिर्यदानको समय भैसक्यो अब कुर्न हुदैन, गुरुले भन्यो र अग्निकुण्डमा पानी फाल्यो । तर अग्निकुण्ड

बाट दिव्य १६ वर्षे कन्याको जन्म भयो ।

कन्याको नामकरण के गर्ने ? कसरी गर्ने राजाले सोध्यो । यो कन्या यम लोकबाट सिधै मर्त्य लोकमा दिव्य जन्म हुन आएकी र ह्याकुती जस्तै सुन्दरी एवं बत्तीसै लक्षणले युक्त भएकी हुनाले यम + ह्याकुती = 'यमह्याकुती' अर्थात् कहिलै नमर्ने दिव्यामर भनेर नामकरण गरियो । (ह्याकुती तमू भाषाको मूल शब्द हो । ह्याकुतीको नेपाली अर्थ इन्द्रेणी हुन्छ) । यमह्याकुतीको दिव्य जन्मको पावन अवसरमा राज्यमा दीपावली गरी जन्मोत्सव मनाइयो । जनमानसमा यमह्याकुती भन्न नसकेर यमकुती, हेमावती, युमावती हुदै 'यमावती'को नामबाट परिचित भयो ।

यमावतीको बिबाहको सम्बन्धमा राजारानी, कुलगुरु र महामन्त्रीको बीचमा छलफल भयो । कन्याको दिव्या जन्म भएकीले आगोले नपोल्ने, पानीले नभिज्ने, नबगाउँने, हुरी बतासले पनि उडाउँन नसक्ने र युग युगसम्म अमर हुने बरदान प्राप्त छिन् । त्यसैले, कन्याको बिबाह युद्धकला एवं हातहतियारमा उत्कृष्टता हाँसिल गरेका, बलवान र सुरवीर युवक चयन गर्न सकेमा उपयुक्त होला, कुलगुरुले परामर्श गऱ्यो । कुलगुरुको परामर्शमा सबैको सहमति भएकाले सेनापति अर्सै घलेको छोरा पर्सै घलेसंग दिव्य जन्म भएकी राजकुमारी यमावतीको बिबाह राजदरबारको परम्परानुसार सम्पन्न भए पछि पर्सै घलेलाई युवराज पनि घोषण गऱ्यो । सो अवसरमा "पर्सै घले पहिले मरे उनीसंगै

यमावती सती जाने र यमावती पहिले मरे पर्सैं घले जोगी भएर बन जाने” आपासमा बाचाबन्धन पनि बोल्यो ।

यमावतीको बिबाहको अवसरमा सम्पूर्ण भलादमीहरु जलपानमा मस्त थिए । त्यही अवसर छोपेर हिजो कोटमा मारिएका छ जना बिद्रोहीहरुको भाइ छोराहरु पुनः संगठित भएर लुकिछिपी दरबार पसेर जलपानमा मस्त भएको मौका छोपेर सबैलाई मुला काटेझै काटेर नरसंहार गरे । यस्तो नरसंहार देखेपछि राजा र रानी दुबैको त्यही बसेको ठाँउमै हृदय गति रोकियो । यमावती र पर्सैं घले लुकिछिपी कुलगुरुको शरणमा पुग्यो । अब ‘ख्होल-सौँ-थर’को आयु सकियो । तिमीहरु यहाँबाट पूर्व दिशातिर गएर स्वतन्त्र राज्य स्थापना गरेर बस्नु । तिमीहरु दीर्घायु नभए पनि युग युगसम्म अमर हुने छौं, कुलगुरुले आशीर्वाद दियो ।

## २३. ख्होल-सौँ-थरको पतनः

राजकुमारी यमावती र कुमार पर्सैं घलेको बिबाहको अवसरमा राजा दबु ख्याल घलेको दरबारमा नरसंहार भयो । राज्य असुरक्षित एवं आतंकित भएपछि ख्होलवासीहरु समूह समूहमा बिस्थापित हुँदै गए । यसरी बिस्थापित भएपछि तलतल झर्दै आए । गुरुङहरुको आदिम् राजधानी तथा सामाजिक सभ्यताको केन्द्रको रुपमा परिचित ‘ख्होल-सौँ-थर’को राजनीतिक कारणले पतन भयो ।

## २४. लमजुङमा घले राजाको उदयः

गुरुङहरुको आदिम बासस्थल ‘ख्होल-सौँ-थर’को पतन भएपछि ‘ख्याल्बो रोजा उपनाम रहेको पर्सै ख्ल्ले (क्ले) परसुराम घले’ले आफुसंग मनपेट मिलेका भारदारहरुलाई लिएर गुरुको परामर्श अनुसार लमचुँ १० थर डाँडामा आए । त्यहाँ हेर्दा रमाइलो हरियो चउर र पानीको स्रोत पनि नजिकै देखेर त्यही चउरमा परसु घलेले राज्य स्थापना गरे । घले राजाले आफ्नो राज्यको नाम ‘लमचुँ’ र राजसभाको नाम ‘नालछ्होज’ नामकरण गऱ्यो । मन्त्रीलाई ‘ख्याल’ पद दियो । तमूको माउ भाषामा राजालाई ‘ख्याल्बो,’ तमू भाषामा ‘म्हुँ’ र मन्त्रीलाई ‘ख्याल’ वा स्योँली भन्दछन् ।

घले राजाको शासनकालको बारेमा प्राप्त दस्ताबेजहरु लाई सरसर्ति अध्ययन गर्दा, तमूहरुको आदिम राजधानी ‘ख्होल-सौँ-थर’को पतन १५औँ शताब्दीको मध्यमा भएको अनुमान छ । ख्होल-सौँ-थरको पतन भए पछि लमजुङमा कालु शाहको उदय भएको थियो । त्यसैले, समय र सन्दर्भलाई केलाउँदा विस १५५३–१५६७ रहेको देखिन्छ । तमूको ‘प्यताँ ल्हुताँ’ अर्थात श्रुतिवेद अनुसार राजा रानीबाट नयाँ संस्कारको थालनी गर्दा बसन्त ऋतुमा गर्ने गरिन्छ । त्यसैले, उपरोक्त समय र सन्दर्भहरुलाई बिश्लेषण गरी हेर्दा, लमजुङमा घले राजाको राज्यभिषेक विस १५५३ बैशाख १२ गते भएको तर्कसंगत देखिन्छ ।

## २५. सुलकोटः

लमजुङको घले राजाले दक्षिणदिशाबाट हुन सक्ने खतराको निगरानी गर्न ‘स्याक्र्यु’ हालको लमजुङ जिल्ला ख्वोलसोँथर गाउँ पालिका वडा नं १, बाग्लुङपानी गाउँ, जहाँ बजार बस्नका लागि उपयुक्त स्थान मानिन्छ। त्यहाँ २०१८ सालमा स्थापित श्री जनज्योति हायरसेकेन्डरी स्कुल स्थापित छ । त्यहाँबाट दक्षिणपट्टीको जंगलमा उकालो हिँडेर जाँदा लगभग १ घण्टामा पुग्ने डाँडामा कोट बनाउँन सुल भन्ने मन्त्रीलाई आदेश गरे । कोट बनाउँदै गर्दा, सुल मन्त्री भीरबाट खसेर मृत्यु भयो । त्यसैले, त्यो कोटको नाम पनि सुलकोट रहन गएको भन्ने जनश्रुति रहेको छ ।

कोटको सुरक्षाको निम्ति बनाइएका खाडल र डल्लो ढुंगाहरुको अवशेष अझै पनि बाँकी छ। कोटको नजिकैको एउटा चिलाउनेको रुखको टुप्पोमा एकपाटे झाँतो अझै पनि झुरन्डिरहेको छ, भन्ने बुढापाकाहरुको भनाइ रहेको थियो । यो कोटको सत्य तथ्यलाई उजागार गर्न अध्ययन र अनुसन्धान हुन आवश्यक देखिन्छ ।

सुलकोटबाट बिम्दाबेसी, गाउँशहर, लहले, ज्याँखाँ, बाख्रेजगत, सितलेस्वारा, दोसाँद र हाँडी खोलासम्मका गतिविधिहरु स्पष्टसंग निगरानी गर्न सकिन्छ । मौसम राम्रो भएको बेला साँझपख त्यहाँबाट पोखरा बजारमा झलमल बत्ति बलेको दृश्य समेत देख्न सकिन्छ ।

## २६. लमजुङमा शाह राजाको स्थापनाः

राजकुमार खजे घले र राजा परसुराम घलेको बीचमा राज्यसत्ताको सवालमा खचपच भएपछि खजे घले तुर्लुङमा गइ नयाँ कोट स्थापना गरी घलेबाट ‘दुरा’को उपनामबाट स्वतन्त्र रुपमा रजाइँ गरी बसे । खजे दुरालाई दाजुको राज्य बिस्तारको अभियान मन परेको थिएन । त्यसैले, चिसंखुका घिमिरे बाहुनहरुसंग मिलेर भिरकोटमा रजाइँ गरेर बसेका राजा मिर्च खाँ (खान)का वंश (कुलमण्डल) भन्ने जसबम शाहको जेठो छोरा कालु शाहलाई बोकी ल्याइ तुर्लुङकोटमा आफ्नो स्थानमा राजा स्थापना गरे । तर घले राजाको शिकारी फौजले शिकार खेल्ने निहुमा कालु शाहलाई मारिदियो । कालु शाह मारिएपछि दुरा र घिमिरे बाहुनहरुले दोस्रो पटक उनका साहिला छोरा यशोब्रम्ह शाहलाई ल्याए ।

## २७. लमजुङमा घले राजाको पतनः

हिजो लमजुङमा रजाइँ गर्ने राजा ‘ख्याल्बो रोजा उपनाम गरेको पर्सै ख्ले (क्ले) भन्ने परसुराम घले’ले शिकार खेल्ने निहुमा कालु शाहको हत्या गर्‍यो । त्यसैले, उनको भाइ यशोब्रम्ह शाहको घले राजासंग नराम्रो इबी थियो । घले राजालाई सिध्याउने कपट उद्देश्यले यशोब्रम्ह शाहले घले राजासंग शान्ति संझौताको प्रस्ताव गरे । सरल र सोझो मन भएको घले राजाले जनहितका लागि

शान्ति संभ्रौताको प्रस्ताव स्वीकार गरे ।

अन्तमा, लमजुङ जिल्ला मर्स्याङदी गाउँ पालिकाको शेरागाउँ र बेसीशहर नगर पालिकाको पश्चिम सिमाना रहेको चण्डिस्थान वडा नं ०, भण्डारी गाउँकोबीचमा लामा गाउँबाट पूर्वतिर बग्ने भलमखोला र मर्स्याङदी नदीको दोभान 'माले बगरमा' शान्ति संभ्रौताको स्थान तोकियो । शान्ति संभ्रौतामा निःशस्त्र उपस्थित हुने शर्त पनि दुबै राजाबाट स्वीकार भयो । विस १५६७ जेष्ट १० गते पूर्णिमाको दिनमा दुबै राजाहरु आ-आफ्ना सेना सहित उपस्थित भए । शान्ति संभ्रौताको प्रस्तावमा छलफल भयो । छलफलबाट कुनै निर्णय हुन नसकेपछि छलकपटमा निपुण भएका शाह राजाका सेनापतिले रातिनै बालुवा मुनि लुकाएर राखेका हतियारहरु भ्रटपट निकालेर राजा परसुराम घलेलाई गिँडाइ दिए । कपट र षड्यन्त्रद्धारा घले राजा मारिएपछि हतियार रहित भएका उनका सेनाहरु ज्यान जोगाउन भागे । यसरी, शाान्ति संभ्रौताको नाउँमा पूर्व नियोजित षड्यन्त्र भएको हुनाले १४ वर्ष शासन गरेपछि लमजुङमा घले राजाको पतन भयो ।

घले राजाको पतन भएपछि उक्त स्थान घले गाउँको नाउँबाट परिचित भयो । हालः घले गाउँमा आन्तरिक पर्यटनको बिकास गरिएको छ । सो बिकासमा समाजसेवी श्री प्रेम घलेको महत्वपूर्ण योगदान रहेको छ ।

गुरुङहरुको इतिहास किन ओभ्रेलमा पऱ्यो भन्ने बारेमा गुरुङहरु अनभिज्ञ छन् । किनभने इतिहासकारहरुले

पनि गुरुङको इतिहास लेख्न कन्जुस्याइ गरेको देखिन्छ । उदाहरणको लागि डा. पितामबरलाल यादवद्धारा लिखित “नेपालका राजाहरु २०६८” नामक पुस्तकको पृष्ठ १२३ र १२४मा शाह वंशको इतिहास लेखिएको छ। त्यहाँ यस्तो लेखिएको छ– ‘कुलमण्डल शाहले आफ्नो द्धितीय छोरा कालु शाहलाई लमजुङ पठाए । उनी लमजुङको राजा भएको कुरा त्यहाँका ‘शेखान्त’ जातिलाई मन नपरेकाले तिनीहरुले शिकार खेल्ने बहाना गरी जंगलमा लगेर मृग मार्ने निहुँ गरी कालु शाहमाथि विषालु वाण प्रहार गरेर उनको हत्या गरे,’ भनेर लेखेका छन् । कालु शाहलाई लमजुङमा रजाइँ गर्ने पर्सैं भन्ने परसुराम घलेको शिकारी टोलीले मारेको कुरा सत्य हो । तर लेखकले कपोलकल्पित नाम राखेर ‘शेखान्त’ जातिले मारेका हुन् भनेका छन् । यो शेखान्त जाति भनेको के हो ? यो जातिको लमजुङ जिल्लामा बसोबास भएको इतिहास पाइँदैन । यस अर्थमा भन्नु पर्दा, इतिहासकारले पनि घले राजाको इतिहासलाई बङग्याएर घुमाउरो शब्दमा लेख्ने प्रयास गरेको देखिन्छ । त्यसो भएको हुनाले मौखिक रुपमा रहेको गुरुङहरुको इतिहास ओझेलमा परेको ध्रुव सत्य हो। यो एउटा दृष्टान्त मात्र हो । यस्ता उदाहरणहरु कति छन् कति ? यतिमात्र नभएर आफ्नै धर्मगुरुहरु र प्राज्ञहरुले पनि गुरुङको मौलिक संस्कृति माथि घुमाउरो पाराले घावा बोलिरहेका छन् । हामीहरु समयमै सचेत भएनौ भने, हाम्रो संस्कारहरु कागजमा मात्र सिमित रहने छन् । सबैलाई चेतना भए ।

## २८. रानी यमावतीको सती काण्डः

रानी यमावतीले राजा गिँडिएको खबर पाएपछि थालमा दूध हाली आफ्नो दिव्यशक्तिद्वारा राजाको अवस्था हेरिन् । त्यसरी हेर्दा, रानीले दूधमा रगत जमेको देखेपछि राजाको मृत्यु भैसकेको बिश्वास भयो । त्यसपछि आफ्नो राजदरबारमा भएका चल अचल धनसम्पत्तिहरु मन्त्रीलाई र नाबालक बरसु घलेलाई धाइ आमासंग सुम्पेर आफुले गरेको बाचाबन्धन अनुसार माले बगर पुगेर राजासंगै सती जाना चित्तामा बसिन् । राजाको मृत शरीर आगोले भष्म गऱ्यो । तर रानीलाई आगोले छोएन । नछुएपछि मेरो मृत्यु कहाँ छ भनेर नजिकैको मर्स्याङदी नदीमा पसिन् । तर नदी पनि थपक्क जम्यो । किनभने यमावतीको दिव्यजन्म भएकीले आगोले नपोल्न, हुरीबतासले नउडाउँने, पानीले नबगाउँने र अमर हुने बरदान प्राप्त थियो । त्यसैले, आफ्नो मृत्यु खोज्न जंगलमा पसिन् । त्यसपछि कुसुण्डी भइन् । रानी यमावती भलम दोभानमा सती गएकीले त्यस स्थानलाई 'सतीघाट' पनि भन्दछन् । त्यहीबाट गुरुङ संस्कृतिमा गीतिकाव्य 'घाँटु'को जन्म हुन्छ ।

## २९. गाउँशहर दरबारमा संझौताः

भलम दोभानको शान्ति संझौतामा राजा परसुराम घलेलाई यशोब्रम्ह शाहको सेनाले छलकपट गरी मारिएको एक महिनापछि पुनः संझौता गर्न गाउँशहर दरबारमा

बोलायो । नजाँउ भने कसरी नजाने ? जाँउ भने कसरी जाने ? घले राजाको मन्त्रीहरु धर्म संकटमा पऱ्यो । ‘नालछोँज’ बोलायो तर कुनै निर्णय हुन सकेन । अन्तमा, पुरुख्यालको नेतृत्वमा कबुख्याल, सबुख्याल र कोकेख्याल गरी चार जनाको टोली संझौता गर्न गयो ।

गाउँशहर दरबारमा संझौता भयो । “हिजो घले राजाले मेरो दाजु कालु शाहलाई मारे । मैले घले राजालाई मारे । अब हामीहरु झगड गरेर बस्ने कि मिलेर बस्ने ? तिमीहरुले धर्म संझेर भन्नु,” यशोब्रम्ह शाहले भन्यो । उप्रान्त हामीहरु आपसमा मिलेर बस्नु पर्छ तर “गुरुङको क्षेत्र र गाउँहरुमा हाम्रै शासन चलाउँनु पाउनु पर्छ । ‘खेमानाँब’ पर्वमा शाह राजाले परसु घलेको प्रतिनिधिबाट टीका थाप्नु पर्छ । हामी शाहलाई टीका राजा दिन्छौं,” पुरुख्यालले भन्यो ।

पुरुख्यालको कुरा तर्कसंगत छ । राजाको “नीति गुरुङ थिति” । “बिर्ता मेरो सिर्दो तिम्रो” । उप्रान्त तिमी गुरुङहरुले आ-आफ्नो क्षेत्र र गाउँहरुमा अमाली, जिमाली, द्वारे, डिठा, बैदार र उमराको पदग्रहण गरी शासन चलाइ रजाइँ गर्नु, शाह राजाले भने ।

यसरी शाह राजा र पुरुख्यालकोबीचमा गाउँशहर दरबारमा संझौता भएकाले गुरुङको क्षेत्र र गाउँहरुमा गुरुङकै थिति अनुसार शासन चल्यो । गुरुङको क्षेत्र भित्र बसोबास गर्ने गैर गुरुङहरुले पनि गुरुङकै थिति भित्र बस्न बाध्य भए । गुरुङ गाउँहरुमा यो थिति विस २०४०

सालसम्म कायमै थियो । गुरुङ गाउँहरुमा प्रचलित स्थानीय स्वायत्त र आत्म निर्णयको अधिकार विस २०४० सालको नयाँ नापीले हरण गर्‍यो । नेपाल सरकारको यो निर्णय कति जायज थियो ? अग्रजहरुले पुनः समिक्षा गर्न आवश्यक देखिन्छ ।

## ३०. लिगलिग कोटमा षड्यन्त्रः

लमजुङको राजा परसु घलेको नाति दानु घलेले एउटा समूहको नेतृत्व गर्दै लिगलिग गई घले राज्य स्थापना गरे । दानु घलेको राज्यलाई 'लिगलिग कोट' भन्दथे । 'खेमानाँब' पर्वको फूलपातीको दिनमा चेपे खोलाको तिरदेखि लिगलिग कोटसम्म दौड प्रतियोगिता हुन्थ्यो । दौडमा प्रथम हुने व्यक्ति त्यस वर्षको राजा हुने घले परिवारको परम्परा थियो ।

यशोब्रम्ह शाहको नरहरि शाह, द्रव्य शाह र नरपति शाह भन्ने तीन छोराहरु थिए । नरहरि शाह गाउँशहरको राजा भए । राजपण्डितको अनुसार द्रव्य शाहको चिनामा पनि राजा हुने योग छ भनेको हुनाले, उनी पनि राजा हुने दाउमा थिए ।

लिगलिगकोटका घले राजपरिवारमा 'खेमानाँब' पर्वको फूलपातीको दिन प्रत्येक वर्ष चेपे खोलाको दोभानदेखि कोटसम्म दौड प्रतियोगिता हुन्छ । प्रतियोगितामा प्रथम हुने व्यक्ति त्यो वर्षको राजा हुन्छ

भन्ने कुरा द्रव्य शाहले थाहा पाएपछि प्रतियोगिता हुने दिनमा घलेहरुलाई निमास पार्ने षड्यन्त्रको तयारी गऱ्यो । सो मुताविक प्रतियोगिता हुने मौकामा गौडा गौडामा ढुकेर बसेका शाहका मतियारहरुले निःशस्त्र भएर प्रतियोगितामा भाग लिइरहेका घलेहरुलाई एक एक गरेर गिँडाए । घलेहरु निमास भएपछि द्रव्य शाह कोटमा गएर राजा भएको घोषणा गऱ्यो । यसरी लिगलिग कोटको घले राजालाई शाहको षड्यन्त्रकारी आक्रमणले निमास पारे ।

## ३१. खोर्ला राज्यको स्थापनाः

लिगलिगकोटमा घले राजपरिवारलाई षड्यन्त्रपूर्ण ढंगले निमास पारिएपछि बाँकी रहे बचेका परिवारहरुले शाहको शासन स्वीकार गरे । तर प्रतियोगितामा भाग लिइरहेका राज सदस्यहरु मध्ये समर घले मात्र शाहको कुटिल चालबाट उम्कन सफल भए । उनी आत्मा स्वाभिमानी र महत्वाकांक्षी थिए । त्यसैले, शाहको शासन स्वीकार नगर्ने भनी उनका सर्मथकहरुलाई एउटा समूह बनाएर त्यहाँबाट ‘खोर्ला’ भन्ने स्थानमा गएर स्वतन्त्र घले राज्य स्थापना गरी रजाइँ गरे ।

## ३२. बारपाकमा घले राजाको उदयः

गोर्खा जिल्लाको उत्तरी भेगमा अवस्थित बारपाक गाउँ गोर्खा जिल्लाको सबैभन्दा ठुलो बस्ती भएको गाउँ

हो । ठुलो बस्ती भएकोले सामाजिक समस्या पनि धेरै भयो । आपासमा द्धन्द र मनमुटाव भएपछि समस्याको समाधान गर्नका लागि एक पक्षले 'खोर्ला'का राजा चंकेल घलेलाई लिन गए । चंकेल घले बारपाक आएर समस्या समाधान गरेपछि त्यही राजा भएर रजाइँ गरे ।

## ३३. बारपाकको घले राजासंग छलकपटः

गोर्खामा राजा पृथ्वीनारायण शाहको उदय भएपछि गोर्खाको राज्य बिस्तार अभियान सुरु हुन्छ । यस अभियानमा सबभन्दा पहिले मान्द्रे भन्ने स्थानमा राजा चंकेल घलेलाई निशाना बनाए । उनलाई मारेपछि घलेका सेना र शाहका सेनाबीच बालुवाटारमा शान्ति संभ्कौता भयो । यो संभ्कौता पूर्णरुपले कपट गरिएको हुन्छ । तर, घले राजाका सेनाहरुले यसको गन्ध पनि पाउदैनन् ।

यसरी संभ्कौता हुँदा दुबै पक्षले भातेजाँड खाए । भातेजाँड खाँदा घलेका सेनालाई सम्मान गर्ने भनी डबगामा दिए । शाहका सेनाले टपरामा खाए । टपरामा खानेको जाँड सबै भुइमा चुहिए । डबगामा खानेहरु जाँडले माते । त्यही मातेको अवस्थामा घलेको सेनाहरु सबै मारिए । यसरी छलकपट गरी घले राजा र उनका सेनाहरुलाई मारेपछि बारपाक क्षेत्र गोर्खा राज्यमा गाभिए । यसरी पटक पटक घले राजाहरु छलकपटद्धारा मारिए पछि घले राज्यको निमास भयो ।

## ३४. लम (लामा) भाइहरुको महासभाः

गुरुङहरुको आदिम राजधानी ‘ख्होल-सोँ-थर’को पतन भएपछि गुरुङहरुले कास्कीका तप्राङदेखि लमजुङको इलुमपोखरीसम्म गाउँ बसाले । यसरी गाउँ बसाल्ने क्रममा पैम उँग्याल भन्ने एक जना लमले आफ्नो परिवार लिएर साविकको घनपोखरा डाँडाको माथिल्लो थुम्कोमा आएर बस्ती बसालेको हुनाले त्यस स्थानलाई ‘लमचुँ’ अर्थात (लमले स्थापना गरेको स्थान वा लम बस्ने डाँडा) भनेर भनियो । लमचुँलाई हाल लमजुङ भनेर भनिन्छ । यो लम भन्ने शब्द नमको पर्यायवाची हो ।

पैम उँग्याल लमले फिब्राँ गाउँको लेमको छोरी बिबाह गरी तीन भाइ छोराहरु भए । जेठो छोरा बैच्यको दुई छोराहरु भए । जेठोले बिबाह गरेपछि सिक्लेस गइ गाउँको प्रमुख भए । (गुरुङ भाषामा प्रमुख वा प्रधानलाई क्ह्रोँ भन्दछ) । त्यसैले, उनलाई क्ह्रोँगीलम भनियो । क्ह्रोँगी-लमको सन्तानहरु सिक्लेसबाट पूर्व दिशा हुँदै याङजकोट, रुम्जाटार, ओखलढुंगा आदि स्थनाहरुमा फैलिए । क्ह्रोँगी-लमहरुको प्रमुख व्यक्तित्व प्राज्ञ डा. जगमान गुरुङ सांस्कृतिक बिधाको मेरुदण्ड मानिन्छ । वहाँ याङजकोट निवासी हुन् । हिन्दुहरुको गोत्र भनेझै गुरुङहरुको न्हेस भनिन्छ । क्ह्रोँगीलमहरुको न्हेस सिक्लेस, कास्की हुन् ।

कान्छो मावली गाउँ फिब्राँमा गए । फिब्राँबाट ट्हगी गाउँमा आए । त्यसैले, उनलाई फिब्राँ-ट्हगीलम भनियो ।

फिब्रौँ-ट्हगीलमको सन्तानहरु ट्हगी गाउँ हालः (लामा गाउँ)बाट पूर्व दिशा हुदै भाचोक, हिले, सवा, लाँकुरीबोट, चिसापानी, चौथर, श्रीमन्जङ, गोर्खा आदि स्थानमा फैलिएर । फिब्रौँ-ट्हगीलमहरुको स्रोत व्यक्तिमा लामा गाउँ निवासी भूतपूर्व रापंस युद्धजंग गुरुङ हुन् । युवा पुस्तामा नेत्र गुरुङ, बलराम गुरुङ, सुबेदार खेमजङ गुरुङ र दिपेन्द्र गुरुङ हुन् । फिब्रौँ-ट्हगीलमहरुको न्हेस (फिब्रो) लमजुङ हुन् । फिब्रौँ-ट्हगीलमको र क्लौँगीलमको न्हेस अलग अलग भए तापनि दुबै जेठाको सन्तान हुन् ।

माहिला छोराको नाम टुव राखियो । उनी बहुभाषी थिए । गुरुङ भाषामा बहुभाषीलाई म्हिक्योए भन्दछ । त्यसैले, म्हिक्योएबाट म्हिगीलम भनियो । टुवका छोराहरु कोसै र नल्वे गए । त्यो ठाउँ कास्कीको पार्चे क्षेत्रमा पर्छ । म्हिगीलमहरु त्यहाँ केही समय बसेर पसगाउँ आए । म्हिगीलमहरुको उन्नति र प्रगति पसगाउँमा भयो । म्हिगीलमको सन्तानहरु पसगाउँबाट पाखिकोट, पर्वा, कुम्लुङ, मालिङ, क्वासिम्रौँ, पुमा, नाल्मा, उखारी, आदि स्थानमा फैलिए । म्हिगीलमहरुको स्रोत व्यक्तिहरु गंजसिँह गुरुङ, बीर बहादुर गुरुङ र गीतकार एकेन्द्र गुरुङ हुन् । म्हिगीलमहरुको न्हेस कोसै र नल्वे हुन् ।

कान्छा छोराको नाम चसँ राखियो । उनी कर्मकाण्ड गर्ने बिद्धान नम भए । (गुरुङ भाषामा त्रिकालदर्शीलाई नम र कर्मकाण्डलाई ‘पएकेए’ अर्थात् पए भनेको कर्म र केए भनेको काण्ड हो) । त्यसैले, उनी कर्मकाण्ड गर्ने वा

‘पएकेए’ गर्ने बिद्धान नम भए । कालन्तरमा नमबाट लम र पएकेएबाट पैँगीलम भनियो । चसँ नमचुँ गए । त्यहाँबाट ताङतिङमा झरे । पैँगीलमको सन्तानहरु ताङतिङबाट वाचोक, भाचोक, रिवन चौर, तामागी, आटिघर, मौजा र आठथर आदि स्थानमा फैलिए । पछि मालु भन्ने एक जना लमचुँ फर्किए । उनका सन्तानहरु नायुँ, थुजु, पुरनास, हिले, नजरे, लम घरेडी, समाम्रो आदि हुँदै बिभिन्न स्थानहरुमा फैलिए । पैँगीलमको स्रोत व्यक्ति ताङतिङ निवासी भूतपूर्व रापंस नन्दजंग गुरुङ हुन् । दोस्रो पुस्तामा तमू संसारका प्रधान सम्पादक लोकबहादुर गुरुङ, श्याम गुरुङ, जसबहादुर गुरुङ, ओम प्रकाश गुरुङ, मेजर बालसिँ गुरुङ, वकिल कृष्ण बहादुर गुरुङ, पदमबहादुर गुरुङ ‘प्रवासी’ झकबहादुर गुरुङ र सुन्दर गुरुङ आदि नन्दजंग गुरुङ पछिका स्रोत व्यक्तिहरु हुन् । पैँगीलमहरुको न्हेस लमचुँ (नमचुँ) कास्की हुन् ।

विस २०५६ साल चैत्र ४, ५ र ६ गते लमजुङ जिल्लाको सिमपानी गाउँ बिकास समिति बडा नं ४ भलम चौरमा “क्ह्रोँगी-फिब्रोँट्हगी, म्हिगी र पैँगीलमहरुले प्राज्ञ डा. जगमान गुरुङको अध्यक्षतामा तीन दिने महासभा सम्पन्न गर्‍यो” । महासभाको उद्देश्य लम भाइहरुको कुलपूजा गर्ने, वंशवृक्ष र ऐतिहासिक पृष्ठभूमि लेख्ने थियो । त्यही महासभामा लमचुँ प्रतिष्ठान पनि स्थापना भयो । यो ऐतिहासिक पृष्ठभूमि त्यही महासभाको प्रतिवेदनमा आधारित सम्पादित अंश हो ।

## ३५. गुरुङको आधुनिक इतिहासः

गुरुङको इतिहासलाई दुइ भागमा बिभाजन गरिएको छ । सन् १७४३ मा गोर्खाको राजा पृथ्वीनारायण शाहको उदय भएपछि आधुनिक नेपालको राज्य बिस्तार सुरु हुन्छ । त्यसैले त्यस अधिको घटनाक्रमहरुलाई ऐतिहासिक पृष्ठभूमिका रुपमा र त्यसपछिकोलाई इतिहासको रुपमा लेखिएको छ । आधुनिक लेपालको राज्य व्यवस्थामा गुरुङहरुको भूमिका के कस्तो रहेको थियो भन्ने घटनाक्रमहरुलाई कोट्याउने प्रयास गरिएको छ । तर कतिपय घटनाक्रमहरुको लिखित प्रमाण र सामग्रीहरुको अभाव भएकाले सत्य तत्थ्यहरु ओभ्फेलमा परेका छन् । त्यसैले, इतिहासलाई पनि संक्षिप्त रुपमा लेखिएको छ ।

**१. झागल गरुङ–** गोरखाका राजा पृथ्वीनारायण शाहले नेपालको राज्य बिस्तार गर्ने अभियानको सिलसिलामा सर्व प्रथम विस १८०१ असोज १ गतेको दिन गोर्खादेखि आएर नुवाकोट प्रवेश गर्ने समयमा सुबेदार झागल गुरुङ पृथ्वी नारायण शाहको अगाडि अगाडि स्कोट गर्दै आएको थियो । झागल गुरुङको बारेमा थप अनुसन्धान हुँदैछ ।

**२. सुबेदार जुठे गुरुङ–** नेपालको राज्य बिस्तार गर्ने सिलसिलामा विस १८१४ जेष्ठ १९ गते शनिवारको दिनमा कीर्तिपुरमा लडाइ गर्दा काजी कालु पाँडेसंगै वीरगति प्राप्त

भयो । जुठे गुरुङको बारेमा यो भन्दा थप कुराहरु प्राप्त हुन सकेको छैन ।

**३. सुबेदार देव्य गरुङ–** पृथ्वीनारायण शाहको प्रथम पटक कीर्तिपुरको लडाइमा हार भएपछि विस १८१६ असार २१ गते अइतवारको दिनमा शिवपुरी डाँडामा लडाइ हुँदा सुबेदार देव्य गुरुङले धेरै ठुलो साहसिक कार्य गरेको कुरा नेपालको इतिहासमा लेखिएको छ ।

**४. काजी नरसिँ गुरुङ–** नेपालको राजनीतिक इतिहासमा गुरुङको कति ठुलो योगदान रहेको छ भन्ने कुरा राजा श्री ५ रणबहादुर शाहले विस १८४१ असार ११ गते मंगलवारको दिनमा नरसिंह गुरुङ काजी (मन्त्री) पदमा नियुक्त गरेको कार्यले बलियो प्रमाण दिन्छ । नरसिंह गुरुङले काजी पदमा बसेर १३ वर्षसम्म राष्ट्र सेवा गरे । विस १८६२ बैशाख १४ गतेको राति काजी त्रिभुवन प्रधानको घरमा भारदारहरुको गोप्य बैठक बसेको समयमा श्री ५ रणबहादुरको भाइ शेरबहादुर शाहले तरवार प्रहार गरेर श्री ५ रणबहादुर शाहलाई मारे । बालनरसिंह कुवरले त्यही समयमा शेर बहादुर शाहलाई मारे । यो दुःखद घटना पछि पाल्पाको राजा पृथ्वीपाल सेन, चौतारिया बिदुर शाह, काजी त्रिभुवन प्रधान र काजी नरसिंह गुरुङ सबैलाई झुठो अरोप लगाई हत्या गरियो । इतिहासमा यो एउटा उदाहरण मात्र हो । गुरुङको इतिहासमा यस्ता दुःखद घटनाहरु कति

छन् कति ? इतिहासकारहरुले इमान्दारीका साथ कलम नचलाई दिँदा गुरुङको इतिहास अँधेरो पानामा लुकेको छ । सत्य तत्थ्यहरु प्रकाशमा आएपछि नयाँ कुराहरु थपीदै जानेछन् । प्रतिक्षा गर्नु होस् ।

**५. सुबेदार तुलाराम गुरुङ–** नेपाल र चीन लडाइ हुने समयमा विस १८४९ असार महिनामा एउटा कम्पनीको नेत्रृत्व गरेर कुकुरघाटबाट पसेर केरुङ, रसुवा, धुन्चे हुँदै धैबुङसम्म जाँदाजाँदै बाटोमा चिनिया फौजसंग लडाइ हुँदा वीरगति प्राप्त गरे । उनको बारेमा थप अध्ययन हुँदैछ ।

**६. सुब्बा प्रल्हाद गुरुङ र नाथु गुरुङको** पूर्ण जानकारीका लागि क्याप्टन डमरसिँ गुरुङद्धारा लिखित ‘रिभान चौर ङेह्रौं पैगीलामाहरुको वंशवृक्ष’ २०६८ दोस्रो संस्करण, पोखरा हेर्नु होला ।

**७. कप्तान अङ्गत घले–** नेपालको एकीकरण युद्धबाट पराजित भै पाल्पाका सेन वंशिय राज खलकका ध्वजबीर सेनलाई राजा बनाउन अंग्रेज तथा सिक्किमेको मिलिमतोमा स्वरुपसिँ कार्कीले बिजयपुर धरान राज्यमा पुनः राज्य स्थपना गर्दै थिए । सो कार्यमा सिक्किमे सेनाको सहयोग थियो । यस कार्यलाई बिफल पार्न कप्तान अङ्गत घलेको नेतृत्वमा नेपाली फौजले ठुलो युद्ध लडि बीरता देखाएका थिए । यस वापत उनले विसं १८५९ अषाड

शुक्ल नवमी शुक्रबारका दिनमा ४४० मुरीको खेत बक्सिस् पाएका थिए ।

**८. सुब्बा मनलाल गुरुङ–** लमजुङ घनपोखरा निवासी मनलाल गुरुङ उनको पालामा प्रख्यात व्यक्ति थिए । उनको र थाकखोलाको थकाली सुब्बाकोबीचमा मनाङको नुनको ठेक्काको सवालमा मुद्ध चलिरहेको थियो । एक रात मनलाल गुरुङले सपनामा यस्तो देख्यो– आकासबाट चन्द्रमा उडेर आयो । यो चन्द्रमा कहाँ जाने रहेछ भनेर हेरिरहँदा उड्दै आफ्नै सामुन्ने आयो र उनले निलि दिए ।

ओहो, कस्तो अचम्म भयो !? चन्द्रमा निलेको भनेर सोँचिरहदा झसंग भएर बिउझिए । एक छिन ओछ्यानमै बसेर सोँच बिचार गरिरहँदा कुखुरा बास्यो । उज्यालो भयो । उज्यालो भएपछि पधेरा गएर नुहाइ धोइ चोखो भइ पूजापाठ गरेर खाना खाएपछि त्यसै अलमलिएर बसे । त्यही दिनमा एउटा चिठ्ठी आयो । चिठ्ठी खोलेर हेर्दा राणा सरकारबाट मनाङको नुनको ठेक्का उनको नाउँमा स्वीकृत भएर आएको पाए । नुनको ठेक्काकासाथै उनलाई एक चाँद लाउँन पाउँने गरी सुब्बाको अधिकार पनि प्रदान गरिएको थियो । त्यहीबाट मनलाल गुरुङले सुब्बाङगी पद पाएपछि घोडा माथि चढी, नुनको ठेक्काको चाँजोपाँचो गरेर लमजुङ र मनाङको शासक भएर उदाए । सुब्बा मनलाल गुरुङको संक्षिप्त परिचय घनपोखरावासी सूर्यमणि गुरुङले न्यूयोर्कमा बताए अनुसार टिप्पणी गरिएको हो ।

**९. सुब्बा शेरजंग गुरुङ–** लमजुङ श्रीमन्जङ (म्हाँज) गाउँ निवासी शेरजंग गुरुङ आफ्नो पालामा तीनकुखुरे विद्या साधना गरी गुरुवा (बाघ) भएर हिमालदेखि मधेससम्म खेल्ने प्रख्यात लमगुरु हुनुहुन्थ्यो । त्यस बखत नेपालमा परिस्थिति यस्तो भयो–

श्री ३ चन्द्र शम्शेर राणाकी रानी बिमार भएर थलो परिन् । नेपालमा नाम कमाएका वैद्य र झारफुकेहरुलाई बोलाएर उपचार गराए तर २० मा १९ पनि भएन । त्यसै बखत लमजुङमा हिमालदेखि मधेससम्म खेल्ने प्रख्यात लमगुरु छन् रे भन्ने कुरा सुन्नमा आए पछि, राणा सरकारबाट बोलावट पठायो । सो अनुसार शेरजंग गुरुङ दरबारमा हाजिर भए ।

शेरजंङ गुरुङको बारेमा दरबारलाई पूर्व जानकारी नभएको हुनाले लमगुरुको विद्धत्ता जाँच्न धागोको सुतबाट रानीको नाडी हेर्न अह्राए । पहिलो पटक धागोको सुत ढिकीमा बाँधी पठाए । गुरुले धागोको सुत समातेर, यो बस्तु अहिले सुतिरहेको छ । यसको बिमार निस्कने समयमा उठ्ने र बस्ने हुन्छ, भने । दोस्रो पटक जाँतोमा बाँधी पठाए । गुरुले धागोको सुत समातेर, यो बस्तु अहिले बसिरहेको छ । यसको बिमार निस्कने समयमा फनन घुमिरहन्छ, भने । यसैगरी तेस्रो पटक रानी सुतेको खाटको खुट्टमा बाँधी पठाए । लमगुरुले धागोको सुत समातेर यो बस्तु अहिले चार हात खुट्टा टेकेर उभिरहेको छ । यसको बिमार निस्कने समयमा क्याङ कुरुङ कराउँछ । तर यी

तीनै बस्तुहरु जीवित होइनन्, लमगुरुले भने ।

लमगुरुको बिद्धत्ताको बारेमा राणालाई जानकारी भएपछि, ओहो ! लमगुरु त धेरै बिद्धान पो रहेछ, भित्रै बोलाउ भने । भित्र गएपछि 'मेरो रानी लामो समयदेखि थल परेकी छन् ।' रानीको उपचार हुन सक्यो भने गुरुलाई एक चाँद लाउने सुब्बाको पगरी र त्यही अनुसारको खान्गी दिन्छु, श्री ३ चन्द्र शम्शेर राणाले भने ।

लमगुरुले रानीको व्यथा हेरेर मनोबैज्ञानिक ढंगबाट उपचार गरे । तीन दिनमा रानी उठेर एक थाल भात खाने भइन् । यसरी चमत्कारी ढंगबाट रानीको उपचार भएपछि लमगुरुको प्रसिद्धि र बिद्धत्ता दरबार भित्र भुसको आगो झैं सल्कियो । लमगुरुको दरबार भित्र राणाकै हैसियतमा मानसम्मान भयो । लमगुरुलाई खान्गी भनेर चितीको बलेँफाँटमा २०० मुरी धान फल्ने खेत बिर्ता प्राप्त भयो । यसरी उपचारको माध्यमबाट शेरजंङ गुरुङ एक चाँद लाउने पगरी प्राप्त गरी सुब्बाको मान प्रतिष्ठ प्राप्त गरेर ठुला घरानामा पुगे ।

१०. कर्नल टेकमान गुरुङ लमजुङ, जर्नेल कृष्ण बहादुर गुरुङ स्याङजा, ब्रिगेडियर जर्नेल लिलिजंग गुरुङ लमजङ, जर्नेल चित्र बहादुर गुरुङ, प्रहरी महानिरीक्षक हेमबहादुर गुरुङ, प्रहरी महानिरीक्षक (गुप्तचर) मोति गुरुङ, र अन्य रथी महारथीहरुको स्रोत प्राप्त भएपछि क्रमश थपिदै लगिने छ ।

**११. प्रधान सेनापति छत्रमान गुरुङ–** छत्रमान गुरुङको जन्म गण्डकी अञ्चल तनहुँ जिल्ला रिस्ती गा.वि.स. पुलिमरङ गाउँमा बाबु इमानसिँह गुरुङ र आमा इमादेबीबाट सन् १९५२ जुलाइ १८ गते भएको थियो । छत्रमान गुरुङको प्रारम्भिक शिक्षा शान्ति हाइ स्कुल कुन्छा, लमजुङमा भएको थियो । त्रिचन्द्र कलेजबाट अइएससी र त्रिभुवन विश्वविद्यालयबाट बिए उतीर्ण भएपछि विस २०२८ सालमा अइएमए देहरादुन, भारत गए । त्यहाँ पाँच वर्ष तालिम गरेपछि सहायक सेनानी (लप्टन) पदबाट सैनिक सेवा सुरु गरेका हुन् ।

विस २०६६ साल भदो २४ गते नेपालको अन्तरिम संविधान २०६३ को धारा १४४ बमोजिम नेपालको राष्ट्रपति तथा परम्सेनाधिपतिबाट छत्रमान गुरुङलाई नेपालको प्रधान सेनापतिमा नियुक्ति गरिएको थियो ।

## ३६. गुरुङ मन्त्रीहरुको परिचयः

नेपालको राजनीतिमा गुरुङहरुको योगदान कस्ता रहेका छन् भन्ने विषयलाई स्पष्ट गर्नका लागि गुरुङ मन्त्रीहरुको संक्षिप्त परिचय–

**१. नरबहादुर गुरुङ–** विस २००८ साल मंसिर १ गते प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको सरकारमा पर्वत निवासी नरबहादुर गुरुङ, गुरुङको इतिहासमा सर्व प्रथम उपमन्त्री हुनु भएको थियो ।

**२. मीनबहादुर गुरुङ, नेपाली कांग्रेस–** विस २०१६ साल जेष्ठ १३ गते प्रधान मन्त्री बीपी कोइरालाको सरकारमा कास्की निवासी मीनबहादुर गुरुङ उपमन्त्री हुनु भएको थियो ।

**३. जमान सिँह गुरुङ, नेपाली कांग्रेस–** विस २०१६ साल जेष्ठ १३ गते प्रधान मन्त्री बीपी कोइरालाको सरकारमा स्याङजा निवासी जमानसिँह गुरुङ उपमन्त्री हुनु भएको थियो ।

४. खगेन्द्रजंग गुरुङ, लमजुङ, बन सहायक मन्त्री ।
५. चन्द्रसिंह घले, कास्की बन राज्य मन्त्री ।
६. डा. हर्क गुरुङ, लमजुङ, शिक्षा तथा बाणिज्य राज्य

मन्त्री २०३३ ।

७. सुश्री भद्र कुमारी घले, काठमाडौं, समाज कल्याण राज्यमन्त्री २०३८ ।

८. सुबेदार पूर्णबहादुर गुरुङ, लमजुङ, पंचायत सहयक मन्त्री ।

९. नरबहादुर गुरुङ, तनहुँ, पंचायत ।

१०. धर्मबहादुर गुरुङ, संखुवासभा ।

११. खडकबहादुर गुरुङ, स्याङजा, सहायक मन्त्री ।

१२. बखानसिँह गुरुङ, चितवन, कानुन मन्त्री ।

१३. क्षेत्रबहादुर गुरुङ, पर्वत, सहायक मन्त्री ।

१४. लक्ष्यबहादुर गुरुङ, कास्की ।

१५. दूध प्रसाद गुरुङ, स्याङजा ।

१६. तोरणबहादुर गुरुङ, स्याङजा, सहायक मन्त्री ।

१७. कुलबहादुर गुरुङ, इलाम, नेका शिक्षा मन्त्री ।

१८. रामबहादुर गुरुङ, लमजुङ, नेका आपुर्ति राज्यमन्त्री ।

१९. जगतबहादुर गुरुङ, लमजुङ, राप्रपा ।

२०. इन्द्रबहादुर गुरुङ, स्याङज, नेका ।

२१. पृथ्वी सुब्बा गुरुङ, लमजुङ, एमाले, पर्यटन मन्त्री ।

२२. किरण गुरुङ, तनहुँ, एमाले, बन मन्त्री ।

२३. पेमा छिरिङ गुरुङ, मनाङ, पञ्चायत सहायक मन्त्री ।

२४. पाल्देन गुरुङ, मनाङ, नेका ।

२५. सुर्यमान गुरुङ, ताप्लेजुङ, नेका, सामान्य प्रशासन मन्त्री ।

२६. टेकबहादुर गुरुङ, मनाङ, नेका, श्रम राज्य मन्त्री २०७० ।

## ३७. अञ्चलाधीशहरु:

१. लक्ष्यबहादुर गुरुङ, कास्की ।
२. लालबहादुर गुरुङ, पर्वत ।
३. नवराज गुरुङ, रुम्जाटार, ओखलढुंगा ।
४. प्रा. डा. शेखर गुरुङ, इलाम ।

## ३८. प्राज्ञिक व्यक्तित्वहरु:

१. श्रीमती तोया गुरुङ । प्रज्ञा सदस्य, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
२. प्राज्ञ डा. जगमान क्ह्रोँगीलम गुरुङ, याङ्जकोट, कास्की । प्रज्ञा सदस्य, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
३. पैँडी इन्द्रबहादुर गुरुङ, गिलुङ, लमजुङ । प्राज्ञ सभाका सदस्य, नेपाल प्रज्ञा प्रतिष्ठान ।
४. डा. दीर्घमान गुरुङ, कास्की । प्राज्ञ सभाका सदस्य नेपाल प्रज्ञा प्रतिष्ठान ।
५. डा. गणेश गुरुङ, रुम्जाटार । उपकुलपति स्वास्थ्य प्रतिष्ठान, नेपाल सरकार ।
६. प्राज्ञ डा. जगमान क्ह्रोँगीलामा गुरुङ, याङ्जकोट, कास्की । उपकुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान ।

**नोटः** गुरुङहरुको इतिहास लेख्ने क्रम जारी रहनेछ । राष्ट्रिय स्तरका व्यक्तित्व, समाजसेवी, अग्रज, प्राज्ञ, रथी, महारथी र मन्त्रीहरुको बारेमा स्रोतहरुको अध्ययन र अनुसन्धान हुँदैछ। स्रोत खुलेपछि वहाँहरुको बारेमा क्रमश थपिँदै लगिने छ। क्रमश ...